# कोरिन्थीहरूलाई पावलको पहिलो पत्र

१ पावलबाट प्रणाम। परमेश्वरले इच्छा गरेकाले म
ख्रीष्ट येशूको प्रेरित* बन्न परमेश्वरद्वारा बोलाइएको
छु।
हाम्रा ख्रीष्टमा भाइ सोस्थनेसबाट पनि।
२कोरिन्थमा भएका परमेश्वरको मण्डली जसलाई
ख्रीष्ट येशूमा पवित्र गराइएका छन्, औ जसलाई
पमेश्वरले उहाँको पवित्र मानिसहरू हुन बोलाइएका
छन्। तिमीहरूलाई पनि प्रत्येक ठाउँका अरू सबै
मानिसहरूसँगै निम्त्याएको छ, जसकोमा ख्रीष्टमाथि
विश्वास छ-जो हाम्रो तथा तिनीहरूका परमप्रभु हुन्।
३हाम्रा पिता परमेश्वर र प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई
अनुग्रह र शान्ति।

### पावल परमेश्वरलाई धन्यवाद चढ़ाउँछन्

४परमेश्वरले ख्रीष्ट येशूको माध्यममा तिमीहरूलाई
दिइएको अनुग्रहको निम्ति म आफ्ना परमेश्वरलाई सँधै
धन्यवाद चढ़ाउँछु। ५येशूमा तिमीहरू हरतरहले आर्शिवाद
पाएका छौ। तिमीहरू आफ्ना जम्मै बोली-बचन र सारा
ज्ञानमा धन्य छौ। ६ख्रीष्टको सत्य बारे तिमीहरूमा
प्रमाणित भएको छ। ७यसैले हाम्रा प्रभु येशू ख्रीष्टको
पुनरागमन पर्खिरहुञ्जेल तिमीहरूलाई परमेश्वरको कुनै
उपहारहरूको अभाव हुने छैन। ८परन्तु येशूले तिमीहरूलाई
सदा सुदृढ़ राख्नु हुनेछ कि हाम्रा प्रभु येशू ख्रीष्टको
पुनरागमनको दिनमा पनि तिमीहरूलाई केही दोष हुने
छैन। ९परमेश्वर विश्वास योग्य छन्। एक उनै हुन्
जसले तिमीहरूलाई आफ्ना पुत्र येशू ख्रीष्ट, हाम्रा
प्रभुसित संगत गर्नु बोलाएका छन्।

### कोरिन्थको मण्डलीमा फाटो

१०हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म विनयपूर्वक
भन्दछु, दाजु भाइहरू र दिदी-बहिनीहरू हो, तिमीहरू
आपसमा मिलेर बस जसले गर्दा तिमीहरू बिचमा फाटो
नआओस्। एउटै विचार र एउटै उद्देश्य लिएर तिमीहरू
एक भई बस भन्ने मेरो विन्ती छ। ११मेरा भाइ-बहिनीहरू
हो, क्लोएको परिवारबाट मैले तिमीहरूका बारेमा सुनेको
छु कि तिमीहरूको बिचमा झगड़ाहरू छ। १२मेरो
भन्नुको तात्पर्य: यही हो तिमीहरूमध्ये कसैले “म
पावललाई मान्छु”; कसैले “म अपोल्लोसलाई मान्छु”;
कसैले “म केफासलाई मान्छु”; अनि कसैले “म
ख्रीष्टलाई मान्छु” भन्छौ अरे। १३ख्रीष्टलाई विभिन्न
दलमा बाँट्न सकिन्न। के पावल तिमीहरूका निम्ति
क्रूसमा मरेका हुन् र? होइनन्! के पावलको नाउँमा
तिमीहरू बप्तिस्मा* भएका हौ र? होइनौ! १४म
परमेश्वरलाई धन्यवाद चढ़ाउँछु कि तिमीहरूमध्ये क्रिसपस
र गायसलाई बाहेक मैले कसैलाई पनि बप्तिस्मा दिएको
छैनँ। १५म यसको निम्ति कृतज्ञ छु किनभने तिमीहरू
मेरो नाउँमा बप्तिस्मा भयौ भनेर कसैले भन्न सक्ने छैन।
१६हो, मैले स्तिफनसको परिवारलाई मात्र बप्तिस्मा
दिएको हुँ। तर अरू कसैलाई म आफूले बप्तिस्मा
दिएको कुराको मलाई सम्झना छैन। १७ख्रीष्टले मलाई
बप्तिस्मा दिन पठाउनु भएको छैन। उहाँले मलाई शुभ
सन्देश* सुनाउने काम अह्राउनु भएको छ। तर शुभ
संदेश सांसारिक ज्ञानको शब्दहरूमा सुनाउन होइन। शुभ
सन्देश सुनाउँदा मैले सांसारिक ज्ञानका शब्दहरू प्रयोग
गरें भने त ख्रीष्टको क्रूसले आफ्नो शक्ति हराउनेछ।

### परमेश्वरको शक्ति र ख्रीष्टमा ज्ञान

१८पथभ्रष्टहरूका निम्ति क्रूस बारेको शिक्षा मूर्खतापूर्ण

---

**प्रेरित** येशूले आफ्नो खास सहायक चुन्नु भएको मानिस।

**बप्तिस्मा** एउटा ग्रीक शब्द जसको अर्थ कुनै व्यक्ति, चीजलाई पानीमा हलुका डुबाउनु, अथवा चोब्नु।

**शुभ सन्देश** पापबाट क्षमा र परमेश्वरसित अनन्त वास दिन भनेर मानिसहरूका निम्ति परमेश्वरबाट गरिएको एउटा उपाय; अगमवाणी, सुसमाचार।

ठहर्छ। तर हामी उद्धार पाइरहेकाहरूका निम्ति यो परमेश्वरको शक्ति हो। [१९]शास्त्रमा लेखिएको छ:

> "म ज्ञानीहरूको ज्ञानलाई नष्ट गर्नेछु म
> बुद्धिमानीहरूको बुद्धिलाई शून्य पार्नेछु।"
>
> *यशैया २९:१४*

[२०]ज्ञानी कहाँ छ? शिक्षित कहाँ छ? यस युगको दार्शनिक कहाँ छन्? परमेश्वरले यस संसारको ज्ञानलाई मूर्ख तुल्याएका छन्। [२१]परमेश्वरले आफ्ना ज्ञानद्वारा के चाहन्छन् भने: ज्ञानद्वारा संसारका मानिसहरूले परमेश्वरलाई चिनेन। त्यसैकारण परमेश्वरले जसले विश्वास गर्छन तिनीहरूको उद्धारको निम्ति मूर्खतापूर्ण लाग्ने सुसमाचार दिनु भयो। [२२]यहूदीहरू प्रमाणको निम्ति चमत्कारहरू माग्छन्। ग्रीकहरू ज्ञान चाहन्छन्। [२३]तर हामी यही प्रचार गर्छौं: ख्रीष्ट क्रूसमा मारिनुभयो। तर यहुदीहरूको निम्ति यो एउटा ठूलो समस्या बन्छ। अयहूदीहरूलाई यो एउटा मूर्खता हो। [२४]तर ती जो परमेश्वरले छानेका ती यहुदी र अयहूदीहरूका निम्ति ख्रीष्ट उनै परमेश्वरको शक्ति र ज्ञान हुनुहुन्छ। [२५]किनकि परमेश्वरको मूर्खता धरि मानिसहरूको ज्ञान भन्दा ज्ञानी हुन्छ। परमेश्वरको दुर्बलता धरि मानव शक्ति भन्दा बलवान् हुन्छ।

[२६]भाइ बहिनीहरू, परमेश्वरले तिमीहरूलाई बोलाए। यो विचार गर। अनि संसारले आफ्नै बुद्धिले पारख गरे अनुसारले तिमीहरूमध्ये धेरै बुद्धिमानी हौला। तिमीहरूमध्ये धेरै जना खुबै प्रभावशाली नहौला, अनि कोही मानिसहरू महत्वपूर्ण परिवारबाट आएको हुन सक्छ। [२७]तर ज्ञानी मानिसहरूलाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरू छान्छन्। बलिया मानिसहरूलाई लाज पार्न परमेश्वरले संसारका निर्धा कुराहरू छान्छन्। [२८]अनि परमेश्वरले संसारका ती तुच्छ मानिसहरूलाई छाने जो संसारले अवहेलना गर्‍यो अनि केही जस्तो मानेन। संसारले जुन कुरालाई महत्वपूर्ण ठान्छ तिनीहरूलाई नष्ट पार्न परमेश्वरले तिनीहरूलाई छान्नु भयो। [२९]उनको अधि कसैले घमण्ड नगरोस् भनेर नै परमेश्वरले यसो गरेका हुन्। [३०]परमेश्वरले तिमीहरूलाई ख्रीष्ट येशूको एक अंश बनाएका छन्। परमेश्वरबाट ख्रीष्ट हाम्रालागि ज्ञान बन्नु भएको छ। ख्रीष्टको कारणले नै हामी परमेश्वर प्रति धार्मिक छौं; अनि हामी पापरहित छौं। अनि ख्रीष्टकै कारणले हामी पवित्र छौं। [३१]जस्तो धर्म शास्त्रले भन्छ, "कसैले गर्व गर्छ भने उसले केवल प्रभुमा गर्व गरोस्।"*

## क्रूसका ख्रीष्ट सम्बन्धी सुसमाचार

**२** प्यारा दाज्यु भाइ दिदी-बहिनीहरू हो, जब म तिमीहरूकहाँ आएँ, मैले तिमीहरूलाई परमेश्वरको सच्चाइ घोषणा गरे। तर मैले आलंकारीक शब्द लगाएर वा ज्ञानको कुरा गरिनँ। [२]जतिञ्जेल सम्म म तिमीहरूसित थिँए, येशू ख्रीष्ट र उनको क्रूसको मृत्यु बाहेक अरू सब कुरा बिर्सूं भन्ने मैले निश्चय गरेको थिँए। [३]जब म तिमीहरूकहाँ आएँ, म कमजोर थिँए अनि डरले कामिरहेको थिएँ। [४]मेरो वचन र प्रचार मानिसहरूलाई फुस्लाउने ज्ञानीका शब्दहरू थिएन, तर मेरो शिक्षाको प्रमाण शक्ति थियो जुन आत्मादेखि* आउँछ। [५]तिमीहरूको विश्वास मानिसको ज्ञानमा होइन तर परमेश्वरको शक्तिमा आधारित होस् भनी मैले त्यसो गरें।

## परमेश्वरको ज्ञान

[६]पाको भएका मानिसहरूलाई हामी ज्ञान दिंदछौं। तर हामी जुन ज्ञान सिकाउछौ सांसारिक ज्ञान होइन। यो यस संसारका शासकहरूको ज्ञान पनि होइन। [७]तर हामी परमेश्वरका गुप्त ज्ञान बताउँदछौ जुन ज्ञान लुकाइएको छ। परमेश्वरले यस ज्ञान हाम्रो भलाईको लागि तयार गरेका हुन्। संसार सृष्टि हुनु भन्दा अधि नै उहाँले यो योजना बनाइसकेका थिए। [८]यस संसारका कुनै शासकहरूले यो ज्ञान बुझेनन्। यदि तिनीहरूले बुझेका भए तिनीहरूले महिमाका प्रभुलाई क्रूसमा टाँग्ने नै थिएनन्। [९]तर, जस्तो शास्त्रमा लेखिएको छ:

> "कुनै आँखाले पनि नदेखेको, कुनै कानले पनि
> नसुनेको, कसैले चिन्ता सम्म नगरेको कुरा
> आफूलाई प्रेम गर्नेहरूका निम्ति परमेश्वरले
> तयार पारेका छन्।"
>
> *यशैया ६४:४*

[१०]परमेश्वरले यी कुराहरू हामीलाई आत्माद्वारा देखाएका छन्।

---

**"कसैले … गरोस्"** यर्मिया ९:२४।

**आत्मा** पवित्र आत्मा। परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वर र ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

आत्माले प्रत्येक कुरो बुझ्छ। परमेश्वरको गंभीर रहस्य समेत आत्माले बुझ्छ। [११]जसरी कसैले पनि अर्को मानिसको विचारहरू बुझ्न सक्दैन, खालि त्यो आत्मा जुन मानिसभित्र रहन्छ, त्यसले मात्र विचारहरू बुझ्छ। परमेश्वरको विषयमा पनि त्यस्तै हो। परमेश्वरका विचारहरू कसैले जान्दैन। तिनीहरू परमेश्वरकै आत्माले मात्र जान्दछ। [१२]अब हामीले संसारमा भएको आत्मा पाएका छैनौं तर हामीले परमेश्वरबाट आत्मा पाएका छौं। हामीले यो आत्मा परमेश्वरले हामीलाई दिएका कुराहरू जान्न सकौं भनेर पाएका हौं। [१३]जब हामी यी कुराहरू गर्छौं, हामी मानिसको ज्ञानले सिकाएको शब्दहरूमा भन्दैनौं। हामी आत्माले सिकाएका शब्दहरू नै प्रयोग गर्छौं। आत्मिक चीजहरू बताउनुलाई आत्मिक शब्दहरू नै बोल्छौं। [१४]जो मानिस आत्मिक छैन उसले परमेश्वरको आत्माबाट आएका कुराहरू ग्रहण गर्दैन । उसले यी सब कुराहरू मूर्खतापूर्ण सम्झन्छ। उसले आत्माको कुरो बुझ्न सक्दैन, किन कि ती कुराहरूलाई आत्मिक रीतिले मात्र जाँच्न सकिन्छ। [१५]तर आत्मिक मानिस सबै कुराहरू खुट्ट्याउन समर्थ हुन्छ र अरू मानिसहरूले उसलाई जाँच्न सक्दैनन्। शास्त्रले भन्छ:

[१६] "परमप्रभुको मनलाई कसले जान्न सक्छ? के
परमप्रभुलाई कसैले अह्राउन सक्छ?"

*यशैया ४०:१३*

तर हामीसँग त ख्रीष्टको मन छ।

## मानिसलाई मान्नु भूल हो

**३** दाजु-भाइ दिदी-बहिनीहरू, यसभन्दा अघि पनि मैले तिमीहरूसित आत्मिक मानिसहरूसित बोले झैं बोल्न सकेको थिइनँ। मैले तिमीहरूसित सांसारिक मानिसहरूसित जस्तै बोल्नु परेको थियो, ख्रीष्टमा बालकहरूसित जस्तो। [२]मैले दिएको शिक्षा दूध जस्तै थियो, खँदिलो आहार थिएन। मैले त्यसो गर्नुको कारण तिमीहरू ठोस खाद्यको निम्ति योग्य थिएनौ। अनि अहिले पनि तिमीहरू खँदिलो आहारको निम्ति तयार भइसकेका छैनौ। [३]तिमीहरू अझै पनि आत्मिक मानिस बनेका छैनौ। आपस्तमा तिमीहरूको इर्ष्या र झगड़ा छँदैछ। यसले बुझाउँछ तिमीहरू आत्मिक होइनौ। संसारका मानिसहरूको जस्तै तिमीहरूको व्यवहार छ। [४]तिमीहरूमै कुनै एकले भन्छ, "म पावललाई मान्छु" अनि अर्काले भन्छ, "म अपोल्लोसलाई मान्छु।" जब तिमीहरू माझमा त्यस्तै कुरा चल्छ भने के यसले तिमीहरूलाई संसारिक मानिस झैं देखाँउदैन र?

[५]अपोल्लोस ठूलो हो? होइन! के तिमी पावल ठूलो मानिस हो भन्ने सम्झन्छौं? होइन! हामी त केवल परमेश्वरका सेवक मात्र हौं जसले तिमीहरूलाई विश्वास गर्न सघाउँछौं। हामी सबैले परमेश्वरले हामीलाई गर्न खटाएको हाम्रो भाग गरेकाछौं। [६]मैले बिजन रोपें अनि अपोल्लोसले त्यसमा पानी हाले। तर परमेश्वरले बिरूवालाई बढ़ाए। [७]यसकारण रोप्ने मानिस ठूलो होइन, अनि पानी हाल्ने पनि ठूलो होइन। केवल परमेश्वर महान हुन्, किन कि उनले बिरूवा स्याहार्छन् र बढाउछन्। [८]रोप्ने मानिस र पानी हाल्ने मानिसको उद्देश्य एउटै हो अनि प्रत्येक मानिसले आ-आफ्नो परिश्रमको निम्ति इनाम पाउनेछ। [९]हामी केवल परमेश्वरको लागि साथ काम गर्ने खेतालाहरू हौं।

अनि तिमीहरू परमेश्वरका खेत जस्तै हौ र घर हौ जो परमेश्वरका हो। [१०]परमेश्वरले दिएका पुरस्कारकै आधारमा मैले एउटा सिपालु बढ़ाइले झैं एउटा घरको जग बसालेको छु। अरूहरूले त्यसै घरेटीमाथि घर बनाउँदैनन्। तर प्रत्येक व्यक्तिले कसरी बनाउँछ, त्यस बारेमा उसले सोच्नु पर्छ। [११]जग बसालिसकिएको छ। कसैले अर्को जग बसाल्न सक्ने छैन। बसालि सकिएको त्यो जग येशू ख्रीष्ट हुनुहुन्छ। [१२]त्यो जगमाथी, कसैले सुन, चाँदी, अमूल्य पत्थर, काठ, स्याउला वा परालले बनाउन सक्छ। [१३]प्रत्येक व्यक्तिको काम देखिनेछ किनभने त्यस दिनद्वारा नै सफासँग त्यो देखाइनेछ। त्यो दिन* आगोसँग आउनेछ अनि प्रत्येकको कामको गुणस्तरको परख आगोले लिनेछ। [१४]त्यही जगमाथि उभ्याएको कुनै व्यक्तिको भवन यदि रह्यो भने, उसले त्यसको निम्ति इनाम पाउने छ। [१५]तर त्यो भवन जल्यो भने, उसले नोक्सान खप्नु पर्ने छ। उसलाई बचाइनेछ तर उ आगोबाट फुत्के झैं हुनेछ।

[१६]तिमीहरूले बुझ्नु पर्छ कि तिमीहरू परमेश्वरका मन्दिर हौ। तिमीहरूभित्र परमेश्वरको आत्माले वास गर्छ। [१७]यदि कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ भने परमेश्वरले त्यस व्यक्तिलाई नष्ट गर्नेछन्। किन?

---

**दिन** त्यो दिन जुन दिन ख्रीष्ट जम्मै मानिसहरूलाई न्याय गर्ने आउनु हुन्छ।

किनभने परमेश्वरको मन्दिर पवित्र हुन्छ। तिमीहरू स्वयं परमेश्वरको मन्दिर हौ।

[१८]कसैले आफैलाई धोखा नदिओस। यदि तिमीहरू मध्ये कसैले यस संसारमा आफूलाई ज्ञानी संभ्फन्छ भने मूर्ख बन्नु पर्छ तब मात्र उ साँच्चिकै ज्ञानी बन्न सक्छ। [१९]किन? किनभने परमेश्वर समक्ष यो संसारको ज्ञान मूर्खता हो। धर्म शास्त्रमा यस्तो लेखिएको छ। “उहाँले ज्ञानी व्यक्तिहरूलाई तिनीहरूकै आफ्नो चलाकीमा फसाउँछन्।”* [२०]धर्मशास्त्रमा यस्तो पनि लेखिएको छ: “परमेश्वर ज्ञानी व्यक्तिको विचार बुझ्दछन्। उनले जान्दछन् कि तिनीहरूको विचार बेकामे हो।”* [२१]यसैले तिमीहरूले मानिसहरूको गर्व गर्नु पर्दैन। किनभने सबै थोकहरू तिमीहरूकै हुन्: [२२]पावल, अपोल्लोस र केफास: संसार, जीवन, मृत्यु, वर्तमान, भविष्य यी सबै तिमीहरूकै हुन्। [२३]अनि तिमीहरू ख्रीष्टका हौ र ख्रीष्ट परेमश्वरका हुन्।

## ख्रीष्टका प्रेरितहरू

**४** हामीबारे मानिसहरूले के संभ्फनु पर्छ भने: हामी ख्रीष्टका सेवकहरू हौं। परमेश्वरको गोपनीय कुराहरू लिएर हामीलाई विश्वास गरिएको छ। [२]यदि कुनै कुराको निम्ति विश्वास गरिएको मानिसले प्रमाण गर्नु पर्छ कि उ त्यो विश्वासको योग्य छ। [३]यदि तिमीहरूबाटै म जाँचिन्छु भने मलाई केही छैन र कुनै मानव-अदालतद्वारा जाँचिन्छु भने पनि मलाई केही छैन। म आफै पनि आफूलाई जाँच्दिनँ। [४]मेरो हृदयमा विश्वास छ कि मैले कुनै त्रुटी गरेको छैन। तर यसको अर्थ यो हुँदैन कि म निर्दोष छु। मलाई जाँच्न एउटै मात्र छन् जो परमेश्वर हुन। [५]यसर्थ ठीक समय अघि मलाई नजाँच, प्रभु नआञ्जेल सम्म मलाई पर्ख। उहाँले अन्धकारमा लुकेका कुराहरूमा प्रकाश छर्नेछन्। मानिसहरूका मनमा लुकेका कुराहरू उदांगो पारिदिने छन्। तब प्रत्येक मानिसले परमेश्वरबाट उसले पाउनु पर्ने प्रशंसा पाउनेछ।

[६]दाजु-भाइ दिदी-बहिनीहरू! मैले अपोल्लोस र आफैलाई पनि तिमीहरूका अघि उदाहरणको रूपमा देखाएँ। मैले यसो गरें किनभने यसबाट तिमीहरूले यसको अर्थ के हो बुझ्न सक्ने छौ। “लेखिएकोबाट बाहिर नजाऊ।।” तब तिमीहरूले एकलाई सुविस्ता र अर्कोको तिरस्कार गर्ने छैनौ। [७]तिमीहरू अरूभन्दा असल छौ भनेर कसले भन्छ? के तिमीहरूसित छ त्यो तिमीहरूलाई दिइएको हो। यसैले जब तिमीहरूसित भएको हरेक थोक तिमीहरूलाई दिइएको हो भने ती आफ्नो शक्तिले अर्जेको जस्तो त्यसको लागि किन घमण्ड गर्दछौ?

[८]तिमीहरू संभ्फन्छौ तिमीहरूलाई जे चाहिन्छ तिमीहरू सम्पन्न छौ अनि हामी बिनै तिमीहरू राजा भएका छौ। म आशा गर्छु तिमीहरू साँच्चै राजाहरू हुन्थ्यौ। त्यसो भए हामी पनि तिमीहरूसँगै राजा हुनेथ्यौं। [९]तर मलाई यस्तो लाग्छ परमेश्वरले मलाई र अरू प्रेरितहरूलाई सबै भन्दा पछि पार्नु भएको छ। मरूभूमिमा मृत्यु दण्ड दिनुलाई निश्चित गरिएका मानिस भैं हामी छौं। सारा संसार देवदूत र मानिसहरूका लागि हामी तमाशा जस्तो बनाइएका छौं। [१०]ख्रीष्टका निम्ति हामी मूर्ख हौं। तर तिमीहरू चाँहि संभ्फन्छौ तिमीहरू ख्रीष्टका निम्ति खुबै बुद्धिमानी छौ। हामी कमजोर छौं, तर तिमीहरू संभ्फन्छौ तिमीहरू बलिया छौ। मानिसहरू तिमीहरूलाई आदर गर्छन्, तर हामीलाई अनादर गर्छन। [११]अहिले पनि हामीले प्रशस्त खान र पिउन पाएका छैनौं अनि हाम्रा लुगा-फाटा पनि प्रशस्त छैन। हामी कहिले-कहीं कुटाइ समेत खाँदछौं। हाम्रा घर छैन। [१२]जिउनुको लागि हामी आफ्नै हातहरूले कठोर परिश्रम गर्दछौं। मानिसहरू हामीलाई सराप्छन् तर हामी तिनीहरूलाई आशीर्वाद दिन्छौं। मानिसहरू हाम्रो खेदो गर्छन् तर हामी सहन्छौ। [१३]मानिसहरू हाम्रो बारे निन्दा गर्छन्, तर हामी उनीहरू सँग मित्रता भावले बोल्छौ। अहिलेसम्म मानिसहरू हामीलाई संसारको कसिंगार र धरतीको मैला जस्तो संभ्फन्छन्।

[१४]तिमीहरूलाई लाज परोस् भन्ने मेरो मनसाय होइन। तर तिमीहरूलाई आफ्नै प्यारो बालकहरू जस्तो संभ्फी सम्भ्फाउनुलाई म यी कुराहरू लेख्दैछु। [१५]ख्रीष्टमा तिम्रो दस हजार शिक्षकहरू हुन सक्लान् तर तिम्रा धेरै पिताहरू हुदैनन्। सुसमाचार* द्वारा ख्रीष्ट येशूमा म तिमीहरूका पिता भएँ। [१६]यसैले तिमीहरू पनि म जस्तै होऊ भनी बिन्ती गर्छु। [१७]यसकारण म तिमोथीलाई तिमी भएकोमा पठाउँदैछु। परमप्रभुमा उनी मेरा पुत्र हुन्।

---

**“उहाँले ... फसाउँछन्”** अय्यूब ५:१३।

**“परमेश्वर ... बेकामे हो”** भजनसंग्रह ९४:११।

**सुसमाचार** पापको क्षमा र परमेश्वर सितको अनन्त बासको निम्ति परमेश्वरले दिनुभएको युक्तियुक्त समाचार।

म तिमोथीलाई माया गर्छु, उनी विश्वासनीय छन्। म ख्रीष्ट येशूमा कुन प्रकारले रहेको छु त्यो उनले तिमीहरूलाई संझाउने छन्। यही जीवन मार्ग म सबै ठाउँहरूका मण्डलीहरूलाई सिकाँउछु।

१८तिमीहरूमध्ये कति जना घमण्ड गरिहेका होलान् किनभने तिनीहरू सम्झन्छन् कि म फेरि तिमीहरू भएकोमा आउँदिन। १९तर म चाँहि सबै तिमीहरूकहाँ चाँड़ै आउने छु। परमप्रभुले चाहे म अवश्यै आउनेछु। तब म केवल हेर्दिन कि यी घमण्डीहरू के भन्न सक्दो रहेछन् तर म यो हेर्छु कि तिनीहरू के गर्नु सक्दो रहेछन्। २०किनकि परमेश्वरको राज्य कुरामा व्यक्त गरिदैन, तर शक्तिमा छ। २१तिमीहरू कुन चाँहि चाहन्छौ:

म तिमीहरूकहाँ डन्डा लिएर आउनु अथवा
प्रेम र नम्रता लिएर आउनु?

## मण्डलीमा नैतिक समस्या

५ तिमीहरू माझ यौन पाप छ भन्ने कुरो मानिसहरूले गर्दैछन्। वास्तवमा यस्तो अनैतिकता त परमेश्वरको बारेमा नजान्नेहरूमा पनि पाइँदैन। मानिसहरू भन्छन्, कसैले आफ्नै बाबुकी स्वास्नीलाई पनि राखेको। २अनि अझै पनि तिमीहरू आफ्नो गर्व नै गर्दछौ! तिमीहरूलाई त दु:ख पो लाग्नु पर्ने हो। जुन मानिसले यस्तो पाप गर्छ त्यसलाई त आफ्नो दलबाट अलग गर्नु पर्ने थियो। ३मेरो शरीर तिमीहरूसित छैन तर आत्मामा म तिमीहरूसितै छु। अनि मैले त्यस मानिसलाई अधिबाटै न्यायगरि सकेको छु जसले यो यौन पाप गरेको छ। म आफू उसित भएकै जस्तो मैले उसलाई न्याय गरी सकेको छु। ४हामी हाम्रा प्रभु येशूको नाउँमा एकत्रित होऊ। मेरो आत्माले म तिमीहरूसित हुनेछु र तिमीहरूको प्रभु येशूको शक्ति तिमीहरू सित हुनेछ। ५अनि त्यस मानिसलाई शैतानको हातमा सुम्पिदेऊ, जसमा कि त्यसको पापी शरीर नष्ट होस् र उसको आत्मा चाँहि प्रभुको दिनमा बचाउन सकियोस्।

६तिमीहरूको घमण्ड राम्रो संकेत होइन। "थोरै खमीरले* जम्मै डल्ला नै खमीरी बनाउँछ" यो जानेकै छौ। ७बासी खमीर निकालि देऊ, तब मात्र तिमीहरू ताजा आँटाका डल्ला बन्नेछौ। तिमीहरू साँचै खमीर बिनाको रोटी हौ। हो, ख्रीष्ट जो हाम्रा निस्तारको पाठो हुन, पहिल्यै मारिएका थिए। ८यसैले हामी निस्तार भोजन खाऊँ, तर वासी खमीर भएको रोटी चाँहि होइन। बासी खमीर पाप र दुष्कर्मको खमीर हो। तर हामी बिना खमीरको रोटी खाऊँ। पवित्रता र सच्चाइको रोटी यही हो।

९मैले आफ्नो पत्रमा तिमीहरूलाई व्यभिचारको संगत देखि अलग बस्नु भनेर लेखेको थिएँ। १०तर यस संसारका पापीहरूका संगत नगर्नू भन्ने मेरो उपदेशको अर्थ होइन। यस संसारका ती मानिसहरू यौन पाप गर्छन अथवा स्वार्थी छन् अथवा एकार्कालाई ठग्छन् अथवा मूर्तिहरू पूजा गर्छन। यदि तिमीहरू तिनीहरूबाट अलग रहने हो भने त तिमीहरूले यो संसार नै त्याग्नु पर्ने छ। ११म यति नै भन्नलाई यो लेख्दैछु कि कुनै यस्तो मानिसको चाँहि संगत नगर्नु जो आफूलाई ख्रीष्टमा भाइ हुँ भन्छ तर व्यभिचार गर्छ, वा स्वार्थी हुन्छ, वा मूर्तीको पूजा गर्छ, वा मानिसको निन्दा गर्छ, वा मात्छ, वा अरूलाई ठग्छ। यस्ता व्यक्तिसँग खाना पनि नखाऊ।

१२-१३ती जो मण्डली बाहिरका हुन् तिनहरूलाई जाँचि रहने मेरो काम होइन। तिनीहरू त परमेश्वर आफै द्वारा जाँचिने छन्। तर जो मण्डलीका भाग हुन् तिनको जाँच तिमीहरूले गर्नै पर्छ। धर्म शास्त्रमा यस्तो भनिएको छ, "दुष्ट मानिसलाई आफ्नो समूहबाट अलग गर।*"

## ख्रीष्ट्यिनहरूमाझ न्यायको समस्या

६ तिमीहरूमा कसैको विरोधमा केही कुरो भए कचहरी किन जान्छौ? ती परमेश्वरका निम्ति धर्मी होइनन्। त्यसैले को न्यायपूर्ण छ त्यसको निर्णय गर्न किन त्यस्ता मानिसहरूलाई दिन्छौ? तिमीहरूले लाज मान्नु पर्छ। किन परमेश्वरका मानिसले तिम्रो समस्यामा न्याय गर्दैन? २के तिमीहरूलाई थाहा छैन परमेश्वरका मानिसहरू संसारकै न्याय गरिरहेकाछन्? यदि तिमीहरूले संसारको न्याय गर्दैछौ भने तिमीहरूको आपसको सानो कलह किन मिलाउदैनौ? ३तिमीहरू जान्दछौ भविष्यमा हामी स्वर्गदूतहरूको न्याय गर्ने छौं। तब हामी राम्ररी यस्ता दैनिक जीवनका विषयका कुराहरू न्याय गर्न सक्छौं।

---

**खमीर** यहाँ दुष्ट वा खराब प्रभावको अर्थमा प्रयुक्त।

**"दुष्ट … अलग गर"** व्यवस्था २२:२१, २४।

[४]यसर्थ न्याय गरिनु पर्ने त्यस्ता मतभेद भए त्यसलाई
किन बाहिरका मानिसहरूकहाँ लैजान्छौ? मण्डलीको
निम्ति तिनीहरू कोही पनि होइनन्। [५]म तिमीहरूलाई
शर्ममा पार्न यो भन्छु। तिमीहरूका समूहमा, कोही न
कोही ज्ञानी जनहरू अवश्यै होलान् जसले दुइ भाइहरूको
माझको कलह न्याय गर्न सक्लान्। [६]तर अहिले, एउटा
भाइ अर्को भाइको विरूद्धमा अदालत जान्छ। अझ यो
भन्दा खराब त तिमीहरू यस्ता मानिसहरूलाई अपील
गर्छौ जो विश्वासीहरू होइन।

[७]एक-अर्काको विरुद्धमा मामला लगाउनु सबै कुनै
प्रकारले हार्नु हो। किन आफैलाई त्रुटीपूर्ण हुन दिदैनौ?
बरू किन आफै ठगिदैनौ? [८]तिमी आफै गल्ती गर्छौ
अनि अरूलाई ठग्छौ। अनि त्यो पनि आफ्नै ख्रीष्टको
दाज्यू-भाइहरू माझ!

[९-१०]अन्याय गर्नेहरूले परमेश्वरको राज्य पाउने
छैनन् भन्ने कुरा तिमीहरू अवश्यै जान्दछौ। आफै धोका
नखाऊ। जसले अनैतिक गर्छ, जसले मूर्तिपूजा गर्छ, जो
यौन व्यभिचार, जो पुरूषगामी, समलिङ्गी गमन, जसले
चोरी गर्छ, जो स्वार्थी छ, जो मात्छ, जसले अर्काको
निन्दा गर्छ र अरूलाई ठग्छ त्यस्ताहरू परमेश्वरको
राज्यको हकदार हुनेछैनन्। [११]अघि-अघि कतिपय तिमीहरू
पनि यस्तै थियौ। तर अब तिमीहरू धोइएका छौ, पवित्र
बनाइएका छौ अनि हाम्रा प्रभु ख्रीष्टको नाउँमा अनि
हाम्रा परमेश्वरको आत्माद्वारा तिमीहरू परमेश्वरको निम्ति
धार्मिक बनाइएका छौ।

## परमेश्वरको महिमाको निम्ति शरीरको उपयोग

[१२]"म केही पनि गर्न सक्छु।" तर सबै थोक राम्रो
छैनन्। "म केही पनि गर्नु स्वतन्त्र छु।" तर म कुनैलाई
आफ्नो मालिक हुन दिने छैन। [१३]"भोजन पेटको निम्ति
हो र पेट भोजनको निम्ति हो।" यो ठिक हो। तर
परमेश्वरले ती दुवैलाई शेष पार्नेछन्। शरीर यौन अपराधको
निम्ति होइन। शरीर प्रभुको निम्ति हो र प्रभु शरीरका
निम्ति हुन्। [१४]परमेश्वरले आफ्नो शक्तिले प्रभु येशूलाई
मृत्युबाट उठाए। परमेश्वरले हामीलाई पनि मृत्युबाट
उठाउने छन्। [१५]तिमीहरूको शरीरहरू ख्रीष्टका अंगहरू
हुन् यो कुरो तिमीहरूलाई थाहा छ। यसैले मैले
ख्रीष्टका अंगहरूलाई कुनै वेश्याको अंगसित एक
बनाउनु लानु हुदैंन। [१६]शास्त्रमा लेखिएको छः "ती
दुइजना मानिसहरू एक जीउ बन्नेछ।"* यसैले तिमीहरूले
बुझ्नु पर्छ वेश्यासित यौन सम्बन्ध राख्ने मानिस वेश्याकै
शरीरसित एक बन्नेछ। [१७]तर जो प्रभुसित जोड़िन्छ त्यो
मानिस आत्मामा प्रभु सितै एक बन्दछ।

[१८]यसैकारण यौन पाप देखि अलग रहौ। मानिसले
अरू जुन सुकै अपराध गरोस् त्यो शरीरदेखि बाहिर
हुँदछ तर उसले गरेको यौन अपराध आफ्नै शरीरको
विरुद्ध हुनेछ। [१९]तिमीले बुझ्नु पर्छ कि तिम्रो शरीर
पवित्र आत्माको मंदिर हो। पवित्र आत्मा तिमीभित्र छ।
परमेश्वरबाट तिमीले त्यो पवित्र आत्मा पाएका छौ।
यसकारण तिमी आफ्नो मालिक होइनौ। [२०]परमेश्वरद्वारा
मोल तिरेर तिमी किनिएका छौ। यसैले आफ्नो शरीरद्वारा
परमेश्वरको सम्मान गर।

## विवाहको विषयमा

**७** अब तिमीहरूले मलाई लेखेका कुराहरूको विषयमा
म चर्चा गर्दछु। लोग्ने मानिसले विवाह नगरेको
असल हो। [२]तर यौन अपराधको कारणले, प्रत्येक
पुरुषको आफ्नो पत्नी हुनु पर्छ अनि प्रत्येक स्त्रीको
आफ्नो पति हुनु पर्छ। [३]पतिले आफ्नी पत्नीलाई सब
थोकहरू दिओस जुन एउटी पत्नीले पाउनु पर्छ र
पत्नीले पनि आफ्ना पतिलाई सबकुरा देओस्, जुन एउटा
पतिले पाउनु पर्छ। [४]आफ्नो शरीरमाथि पत्नीको कुनै
अधिकार रहँदैन। उसको शरीरमाथि उसको पतिको
अधिकार रहन्छ। अनि आफ्नो शरीरमाथि पतिको कुनै
अधिकार रहँदैन। उसको शरीरमाथि उसको पत्नीको
अधिकार रहन्छ। [५]एकार्काको शरीरलाई अस्वीकार नगर।
तर तिमीहरू दुवै केही समयको निम्ति यौन-सम्बन्धबाट
अलग बस्न सहमत हौ। तिमीहरूले प्रार्थनाको लागि
यसो गर्नु सक्छौं अनि तब फेरि एक साथ होऊ। यसो
गरेमा शैतानले तिम्रो कमजोरीद्वारा आकर्षण गराउन
सक्तैन। [६]केही समयको निम्ति अलग रहनु भनेर म
अनुमतिको रूपमा भन्दैछु। यसलाई आज्ञा नमान। [७]म त
चाहन्छु सबै म जस्तै होऊन् तर प्रत्येक मानिसले
परमेश्वरबाट आफ्नो निम्ति वरदान पाएको छ। एक
जनाले एक किसिमको वरदान पाएको छ भने अर्काले
अर्कै किसिमको।

[८]अब विवाह नगरेकाहरूलाई र विधवाहरूलाई म
भन्छुः उनीहरूलाई म जस्तै एकलो बस्नु राम्रो हो। [९]तर

---

**"ती दुइजना … बन्नेछ"** उत्पत्ति २:२४।

उनीहरूले आफूलाई वशमा राख्न सक्दैनन् भने,
विवाह गरून्। यौन-इच्छाले जल्नु भन्दा विवाह गर्नु
असल हो।

१०अब म विवाह गर्नेहरूलाई यो आज्ञा दिन्छु। यो
आज्ञा मबाट होइन, यो प्रभुबाट हो। पत्नीले आफ्ना
पतिलाई नछोड़ोस् ११तर छोड़िहाली भने पनि उसले फेरि
विहे नगरोस। कि त उ आफ्नै पतिसँग फेरि मिलोस्।
पतिले पनि आफ्नी पत्नीलाई नत्यागोस्।

१२अरू सबैलाई म यो भन्छु। यी कुराहरू म
भन्दैछु, प्रभुबाट होइन। ख्रीष्टमा एक भाइको यस्ती
पत्नी हुन सक्छे जो ख्रीष्ट विश्वासी होइन। यदि त्यस्ती
पत्नी उसित बस्न राजी छे भने उसले त्यसलाई
नत्यागोस्। १३अनि ख्रीष्टमा एक स्त्रीको अविश्वासी
लोग्ने हुन सक्छ। तर यदि त्यो उसित बस्न राजी छ
भने उसले पनि त्यसलाई नत्यागोस्। १४एक अविश्वासी
पति विश्वासी पत्नीद्वारा पवित्र बन्दछ। अनि अविश्वासी
पत्नी पनि विश्वासी पतिद्वारा पवित्र बन्दछे। यसो नहुँदो
हो त तिमीहरूका छोरा-छोरी अशुद्ध हुने थिए। तर
अहिले उनीहरू पवित्र छन्।

१५तर विश्वास नगर्नेले त्याग्न खोजे, उसलाई त्यसो
गर्न देऊ। त्यसो भएको खण्डमा ख्रीष्टमा भाइ वा
बहिनी बन्धनमा रहँदैनन्। १६परमेश्वरले हामीलाई शान्तिमय
जीवनको निम्ति बोलाएका छन्। पत्नीहरू, तिमीहरूले नै
आ-आफ्ना पतिलाई बचाउन सकौला; र पतिहरू,
तिमीहरूले नै आ-आफ्ना पत्नीलाई बचाउन सकौला।
पछि के हुने हो तिमीहरू अहिले जान्दैनौ।

## परमेश्वरले भने जस्तै बाँच

१७जे जस्तो सुकै भए पनि जुन अवस्थामा परमेश्वरले
उसलाई बोलाएको समयमा उ त्यो अनि जुन अवस्थामा
उसलाई अहिले परमेश्वरले राखेका छन् उसरीनै प्रत्येक
व्यक्ति बाँच्नु पर्छ। यही नियम हो जो म सबै
मण्डलीहरूलाई दिन्छु। १८यदि कुनै मानिस बोलाइदा
पहिल्यैबाट खतना* भएको थियो भने उसले आफ्नो
परिवर्तन गर्नु पर्दैन। यदि खतना नगरिएको मानिस
बोलाइयो भने उसले खतना गरिरहनु पर्दैन। १९मानिस
खतना गरिएको छ कि छैन त्यो कुनै मुख्य कुरो होइन।
खास कुरो त परमेश्वरको आज्ञाको पालन गर्नु हो।
२०प्रत्येक मानिस त्यही अवस्थामा बसोस् जुन अवस्थामा
उसलाई परमेश्वरबाट बोलाइयो। २१परमेश्वरले तिमीलाई
बोलाउँदा तिमी कमारा थियौ भने त्यसको परवाह नगर।
तर तिमी मुक्त हुन सक्छौ भने तिमीलाई दिएको
मौकाको प्रयोग गर। २२परमेश्वरले बोलाउँदा कुनै
मानिस कमारा थियो भने उ प्रभुमा मुक्त हुन्छ अनि उ
प्रभुको हुन्छ। उसरी नै परमेश्वरले बोलाउँदा यदि उ
मुक्त थियो भने उ ख्रीष्टमो कमारा हुन्छ। २३तिमीहरू
मूल्य चुकाएर किनिएकाहरू हौ। त्यसैले मानिसका
कमारा हुन्छौ। २४दाजु-भाइ दिदी-बहिनीहरू हो! अब
परमेश्वरसितको नयाँ जीवनमा, तिमीहरू परमेश्वरद्वारा
बोलाउँदा जुन अवस्थामा थियौ त्यही अवसस्थामा रहनु
पर्छ।

## विवाह बारेको प्रश्नहरू

२५अब म अविवाहितहरूको विषयमा लेख्छु। यस
बारे मलाई प्रभुबाट आज्ञा छैन तथापि म आफ्नो विचार
पोख्छु। मलाई विश्वास गर्न सक्छौ किन कि प्रभुले
मलाई दया गर्नु भएको छ। २६त्यो दु:खको घड़ी हो।
यसैले म सोंच्छु तिमीहरू जुन अवस्थामा छौ त्यही
अवस्थामा बस्नु राम्रो हो। २७तिमीहरूको पत्नी छ भने
उबाट अलग हुने चेष्टा नगर। यदि तिम्रो विवाह विच्छेद
भएको भए, पुनर्विवाह पट्टि नलाग। तिमीहरू अविवाहित
भए पत्नी खोज्ने चेष्टा तर्प नलाग। २८तर तिमीले
विवाह गरे त्यो कुनै पाप होइन। अनि कन्य केटीले
विवाह गर्छ भने त्यो पाप होइन। तर विवाह गर्नेहरूले
जीवनमा दु:खै पाउँछन् अनि म चहान्छु कि तिमीहरू
त्यस्तो कठिनाईहरूबाट मुक्त रहौ।

२९दाजु-भाइ दिदी-बहिनीहरू हो! मेरो भन्नुको तात्पर्य:
हाम्रो लागि समय छोटो छ। जस-जसको पत्नीहरू छन्,
पत्नी नहुनेहरू झैं बस। ३०जो दु:खित छन् तिनीहरू
दु:ख नपाएको जस्तै बसून्। जो हर्षित छन् तिनीहरू हर्ष
नभएको जस्तै बसून्। जसले जिनीस-पत्रहरू किनेका छन्
तिनीहरू केही नभएको जस्तै बसून्। ३१जो सांसारिक
वस्तु व्यवहार गर्छन्, तिनीहरू ती वस्तुहरूमा चासो नभए
झैं गरी बसुन। तिमीहरू यसरी नै बस्नु पर्छ किन कि
यो संसार, जुन अवस्थामा अहिले छ, चाँड़ै बितेर जाने
छ।

---

**खतना** यो प्रत्येक यहूदी बालकको गरिन्थियो। परमेश्वरले अब्राहामसित गरेको संझौताको निशानी मानिन्थ्यो। (उत्पत्ति १८:९-२४)।

३२तिमीहरू चिन्ताबाट मुक्त होऊ भन्ने म चाहन्छु। एक अविवाहित मानिस प्रभुको काममा पूर्णरूपले मग्न रहन्छ। उसको उदेश्य नै प्रभुलाई खुशी तुल्याउनु हो। ३३तर विवाहित मानिस सांसारिक वस्तुसंग सम्बन्धित हुन्छ। उसको लक्ष्य आफ्नी स्वास्नीलाई खुशी पार्नु हुन्छ। ३४उसको ध्यान दुइवटा लक्ष्य तिर छुटिन्छ। एउटी अविवाहित स्त्री अथवा एउटी कन्या प्रभुको सम्बन्धमा व्यस्त रहन्छे। उ आपनो सम्पूर्ण शरीर र आत्मा प्रभुलाई अर्पण गर्न चाहन्छे। तर विवाहिता स्त्री सांसारिक कुराहरूमै सम्बन्धित रहन्छे। उसको प्राथमिक कर्त्तव्य आफ्नो पतिलाई खुशी पार्नु रहन्छ। ३५तिमीहरूकै भलाईको निम्ति म यी कुराहरू गर्दैछु। मैले तिमीहरूलाई नियनत्रण गर्न खोजेको होइन। तर तिमीहरू ठीक ढंगले बाँच्न सक भने म चाहन्छु। अनि आफ्ना समय अरू कुराहरूतिरबाट मुक्त गराई पूर्णतया प्रभुमा लगाएको मन पराँउछु।

३६विवाहको उमेर ढल्किन लागेकी आफ्नी कन्या प्रति मैले ठीक गरेको छैनँ भनी कसैले सोंच्न सक्ला र विवाह गरिदिनै पर्छ भन्ने सम्झ सक्ला। त्यस अवस्थामा उसले जे चाहन्छ गरोस्। तिनीहरूलाई विवाह गर्न दिइयोस्। त्यो पाप होइन। ३७तर कोही यस्तो बलियो मनको पनि हुन सक्ला र सोंच्ला विवाहको कुनै आवश्यकता छैन, उ पनि आफ्नो इच्छामा स्वतंन्त्रै छ। यदि त्यस मानिसले आफ्नी कन्यालाई अविवाहित राख्ने निश्चय गरेको छ भने उसले ठीक गर्दैछ। ३८अर्थात् जसले आफ्नो कन्याको विवाह गर्छ उसले राम्रो गर्छ। र जसले आफ्नो कन्याको विवाह गरिदिदैन उसले अझै राम्रो गर्छ।*

३९जबसम्म पति जीवित रहन्छ उसकी स्त्री बन्धनमा रहन्छे। तर पति मर्‍यो भने, त्यस स्त्रीले आफूले रूचाएको मानिस सित विवाह गर्न सक्छे। तर उसले प्रभुमा विवाह गर्नु पर्छ। ४०यदि उ त्यही अवस्थामा बसे अझ सुखी रहने थिई। यो म जस्तो विचार गर्छु अनि म पक्का विश्वास गर्छु कि परमेश्वरको आत्मा ममा छ।

## मूर्तिमा चढ़ाइएका खाना बारे

८ अब मूर्तीमा बलि चढ़ाइएका पशुहरूको मासुको विषयमा म लेख्छु। हामी जान्दछौ कि "हामी सबैमा ज्ञानछ" "ज्ञान"-ले तिमीहरूलाई घमण्डी तुल्याउँछ, तर प्रेमले अरू विकसित हुन सहायता गर्छ। २जसले केही जान्दछु भन्ने संझन्छ उसले जान्नु पर्ने खास केही कुरो जानेको हुँदैन। ३तर परमेश्वरलाई प्रेम गर्ने मानिस परमेश्वरले चिन्छन्।

४यसर्थ मूर्तिमा बलि चढ़ाएको मासु खान दिने विषयमा: हामी जान्दछौं, संसारमा मूर्ति वास्तवमा केही होइन। अनि हामी जान्दछौं परमेश्वर एक छन्। ५धेरै वस्तुहरू छन् कि मानिसहरूले दुवै स्वर्गमा र पृथ्वीमा देवताहरू भन्छन्। यसको कुनै महत्व छैन्, तर वास्तविकता चाँहि यो छ मानिसहरू धेरै वस्तुहरूलाई देवताहरू र मालिकहरू मान्छन्। ६तर हाम्रा निम्ति त एउटै परमेश्वर छन्। उनी हाम्रा पिता हुन्। अनि उनैबाट प्रत्येक चीज आयो र हामी उनैका निम्ति छौं। अनि प्रभु पनि एकैजना छन् उनी येशू ख्रीष्ट हुन्। येशूको तर्फबाटै प्रत्येक कुरा उब्जाइयो अनि हामीमा जीवन उहाँबाटै छ।

७तर सबैले यो सत्य जान्दैनन्। धेरै समय अघिबाट कति मानिसहरूले मूर्ति पूजा गर्थे। औ तिनीहरू यसमा चढ़ाएको मासु खान्छन्, तिनीहरू त्यस मूर्तिलाई चढ़ाएको मासु जस्तो सम्झन्छन्। तिनीहरू आफै निश्चित छैनन् कि त्यो मासु खानु उचित हो अथवा होइन। यसर्थ जब तिनीहरू खान्छन् आफैलाई दोषी सम्झन्छन्। ८तर खाने कुराले हामीलाई परमेश्वरको नजीकमा ल्याउँदैन। यदि हामीले खानु अस्वीकार गर्‍यौ भने हामी वर्त्तमान जस्तो छौं त्यस भन्दा निम्न स्तरको हुँदैनौ अनि खाँदै हाम्रो स्थिति जस्तो छ त्यस भन्दा असल हुने होइन।

९तर आफ्नो स्वतंत्रताको ख्याल राख। ताकि तिम्रो स्वतन्त्रताले गर्दा ती कमजोर विश्वास भएका मानिसहरू

---

**पद ३६-३८** अर्को संभाव्य अनुवाद हुन्छ: "कसैले सोच्न सक्छ कि एउटी कन्या प्रति उसले अन्याय गरिरहेकोछ, जो सँग उसको मगनी भइसकेको छ, त्यो केटीको उमेर पनि ढल्कँदैछ, र उसले पनि विहे गर्न चाहान्छ भने, उसले विहे गरोस्, त्यो पाप होइन। ३७कोही अर्कोले यस्तो आवश्यक नमान्ला। उ आफ्नो हृदयमा द्वढ़ छ अनि निश्चित रहन्छ कि उसले जे चाहन्छ उ त्यो जान्दछ। उसले आफ्नो हृदयमा निश्चय गरेको छ कि उसकी मगनी भएकी केटीको कुमारीत्वलाई उ सम्मान गर्न चाहन्छ। उसले ठीक काम गर्नेछ। ३८यसर्थ जसले आफ्नो मगनी भएकी केटी विहे गर्छ, उसले ठीक गर्छ।अनि जो व्यक्तिले उसलाई विहे गर्दैन उसले झन राम्रो गर्छ।"

पापमा नपरून्। [१०]तिमीसित बुद्धि छ यसर्थ मूर्तिको
मन्दिरमा बस्नु अनि खानु तिमीलाई स्वतन्त्र लाग्छ।
दुर्वल विश्वास भएका कुनै मानिसले तिमीलाई त्यहाँ
खाँदै गरेको देख्न सक्छ, यसर्थ उसलाई मूर्तिमा चढ़ाएका
मासु खानु उत्साह हुन्छ, यद्यपि वास्तवमा उसले यो
भूल काम सम्झन्छ। [११]यसैले त्यो दुर्बल विश्वास
भएको भाइ, जसको लागि ख्रीष्ट मरे, नष्ट हुनेछ
कारण तिम्रो ज्ञानले गर्दा। [१२]जब तिमी तिम्रो ख्रीष्टमा
भएका दाजु-भाइ तथा दिदी बहिनीहरूको विरोधमा
यस्तो पाप गर्दछौ तिनीहरूको विवेकमा चोट पुर्‍याउने
छौ अनि ख्रीष्टको विरूद्ध तिमी पाप गर्नेछौ। [१३]यसैले
यदि खाना ख्वाइले मेरो भाइलाई पापमा तान्छ भने म
फेरि कहिल्यै मासु खाने छैन ताकि म मेरो भाइलाई
पाप गराउने छैन।

९ म स्वतंत्र छु! म एकजना प्रेरित हुँ। मैले हाम्रा प्रभु
येशूलाई देखेको छु। तिमीहरू प्रभुमा मेरो कामको
फल हौ। [२]अरूले मलाई एउटा प्रेरितको रूपमा स्वीकार
नगर्लान तर तिमीहरूले मलाई एकजना प्रेरितको रूपमा
स्वीकार गर्नेछौ। म एकजना प्रेरित हुँ भन्ने प्रभुमा
सत्यको मेरो प्रमाण तिमीहरू नै हौ।

[३]कसै-कसैले मेरो अधिकारको विषयमा प्रश्न गर्छन्।
तिनीहरूको निम्ति मेरो जवाब यही हुन्छ: [४]खाने र
पिउने हाम्रो अधिकार छ। छैन र? [५]यात्रा गर्दा पत्नी जो
विश्वासी छ साथमा लिएर हिंड्ने हाम्रो अधिकार छ।
छैन र? अरू प्रेरितहरू, प्रभुमा भाइहरू र केफास
सबैले यसो गर्छन्। [६]तर के बर्णाबास र मैले मात्र
आफ्नो जीविकाको निम्ति काम गर्नै पर्छ? [७]आफ्नो खर्च
आफै भरेर सेनामा काम गर्ने कुनै सिपाही छ? कोही
यस्तो होला जसले अगुंरको खेती लगाएर एउटा पनि
फल नखाने? कोही गोठालो होला जसले भेड़ाको दुध
पिउँदैन?

[८]यी सब कुराहरू मानव विचार मात्र हुन्? के
परमेश्वरको नियमले पनि त्यसै भन्दैन? [९]मोशाको
नियममा लेखिएको छ: "दाँई गर्ने गोरूको मुखमा
मोहला नलगाऊ र त्यसलाई अन्न खानबाट नरोक।"*
के परमेश्वरका गोरूहरूमा मात्र चासो छ? [१०]होइन,
वास्तवमा परमेश्वर हाम्रै बारे बोल्दै थिए। हो, धर्म
शास्त्र हाम्रै लागि लेखिएको हो, "जोत्दा र दाँई गर्दा
खेतीवालाले केही अन्न पाउने आशा गर्छ।" [११]हामीले
तिमीहरूमा आत्मिक बिऊ छरेकाछौ? यसर्थ यदि हामीले
तिमीहरूबाट केही भौतिक चीजको आशा गर्दा त्यो
अधिक हुन्छ र? [१२]जब तिमीहरूबाट सहायता पाउन
अरूले अधिकार प्रयोग गर्छन् भने के हामी त्यो भन्दा
अधिक अधिकार खोज्न सक्तैनौ? तर हामी अधिकार
माग्दैनौं। हामी सबै चीज सहन गर्छौं ताकि ख्रीष्टको
सुसमाचार पालन गर्न कोही पनि विरोधी नहोस्। [१३]के
तिमीहरू जान्दैनौ मन्दिरमा सेवा गर्नेले मन्दिरबाटै खाना
पाँउछन्? के तिमीहरू जान्दैनौ वेदीमा भेटी चढ़ाउनेहरूले
भेटीको भाग पाउँछन्? [१४]सुसमाचार प्रचार गर्नेहरूलाई
पनि त्यस्तै हो। सुसमाचारका प्रचारकहरूले प्रचार कर्मबाटै
आफ्नो जीवन निर्वाह गर्नु पर्छ भनी आज्ञा दिनु भयो।

[१५]तर यो कामबाट मैले कुनै अधिकार उपयोग
गरेको छैन। र मैले यसबाट केही पाउने कोशिश पनि
गरिरहेको छैन। तिमीहरूलाई यो लेख्ने मेरो उद्देश्य
होइन। कसैलाई मेरो गर्व केवल रित्तो भाँड़ा प्रमाण गर्ने
मौका दिनु भन्दा त म मर्न मन पराउँछु। [१६]म
सुसमाचार प्रचार गर्छु तर प्रचार मेरो गर्वको आधार
होइन। यो त मेरो कर्त्तव्य नै हो मैले गर्नै पर्छ। मेरो
लागि दु:खको कुरो हो यदि मैले सुसमाचार प्रचार गरिन
भने। [१७]यदि मैले आफ्नै खुशीले सुसमाचार प्रचार गरें
भने म केही इनाम पाउनु सक्छु। तर मेरो कुनै चयन
छैन। मैले सुसमाचार प्रचार गर्नै परेको छ। जब ममाथि
यो काम सुम्पिइएको छ, म मेरो काम गरिरहेको छु।
[१८]यस्तो हुनाले म के इनाम पाउँछु र? मेरो इनाम त
यही हो: विना मूल्य सुसमाचार प्रचार गर्नु। यसरी
सुसमाचार प्रचारमा जो अधिकार दिइन्छ कुनै पनि म
उपयोग गर्दिन।

[१९]म स्वतंत्र छु। म कसैको होइन। तर जति सक्दो
सम्भव छ अधिक मानिसलाई बचाउनलाई सहायता गर्नु
मैले आफूलाई सबैको दास बनाएको छु। [२०]यहूदीहरूलाई
बचाउन यहूदीहरूका निम्ति म यहूदी जस्तै भएँ। म
आफै कुनै नियमको अधीनमा छैन। तर नियमको
अधीनमा बसेका मानिसहरूको लागि तिमीहरूलाई बचाउनु
म पनि एकजना नियमको अधीनमा बस्ने मानिस जस्तै
भइदिएँ। [२१]ती जो नियमको अधीनमा छैनन तिनीहरूलाई
बचाउनु म पनि नियमको अधीनमा नभएको जस्तो भएँ।
वास्तवमा परमेश्वरको नियमबाट म स्वतन्त्र छैन। म
ख्रीष्टको नियमको अधीनमा छु। [२२]कमजोर मानिसहरूको

**"दाइँ गर्ने … नरोक"** व्यवस्था २५:४।

लागि म कमजोरै भइदिएँ जसमा कि म तिनीहरूलाई
सहायता गर्नु सकूँ। म सबै किसिमका मानिसहरूको
निम्ति सबै थोक भएको छु ताकि कुनै न कुनै तरहले
मानिसलाई बचाउनु सकुँ। २३सुसमाचारकै कारणले म
यी सब चीज गर्छु ताकि सुसमाचारको आशिष-मा
सहभागी बन्नसकूँ।

२४तिमीहरू सबैले जान्दछौ, दौड़मा धेरै जना दुगुर्छन्
तर पुरस्कार चाँहि खालि एकजनाले पाउँछ। यसर्थ
त्यसरी दुगुर ताकि तिमीले पुरस्कार जित्न सक। २५खेलमा
भाग लिने सबैले कठोर अनुशासनको पालना गर्नु पर्छ।
पुरस्कार जितूँ भनेर नै तिनीहरू त्यसो गर्छन्। त्यो माला
केही काल सम्म मात्र खप्दछ। तर हामीले पाएको
पुरस्कार सदाकाललाई हुँदछ। २६यसैले म कुनै निश्चित
टुङ्गो भएको मान्छे जस्तै दुगुर्छु। मुक्केबाजले जस्तै म
केही चीजलाई मुड़क्याउँछु-हावालाई होइन। २७नियन्त्रणको
लागि म आफ्नै शरीरलाई कठोर व्यवहार गर्छु। मैले
यसो गरेको खण्डमा अरू मानिसहरू माझ प्रचार गरे
पछि म आफै परमेश्वरबाट तिरस्कृत हुने छैन।

### यहुदीहरू जस्तै नहोऊ

१० दाजु-भाइ दिदी-बहिनीहरू, हाम्रा पुर्खाहरूमाथि
के बित्यो त्यो तिमीहरूले जान भन्ने म चाहन्छु।
तिनीहरू सबै बादल मुनि थिए, अनि ती सबै समुद्र
भएर हिंड्थे। २तिनीहरू सबैले बादल र समुद्रमा मोशामा
बप्तिस्मित थिए। ३तिनीहरू सबैले एकै किसिमको
आत्मिक खाना खाए। ४अनि तिनीहरू सबैले एकै
किसिमको आत्मिक पेय पिए। तिनीहरूले त्यस आत्मिक
पहराबाट पिए जुन उनीहरूसँगै थियो। त्यो पहरा ख्रीष्ट
हुनु हुन्थ्यो। ५तिनीहरूमध्ये धेरै जनासित परमेश्वर संतुष्ट
हुनु भएन। तिनीहरू मरूभूमिमा मारिए।

६यी कुराहरू, जो घटेका थिए हाम्रो लागि उदाहरण
भयो। यी उदाहरणहरूले हामीलाई तिनीहरूले गरे जस्तो
खराब सोच्नुबाट रोक्नु पर्छ। ७तिनीहरूमा कोही मानिसहरूले
जस्तो मूर्ति पूजा नगर। शास्त्रमा यो लेखिएकै छ:
"मानिसहरू खानालाई र पिउनलाई बसे। अनि नाच्नलाई
उठे।"* ८ती कतिपयले जस्तो हामी यौन अपराधी
नगरौं। तिनीहरू मध्ये एकै दिनमा तेईस हजार मरे।
९जसरी तिनीहरू मध्ये कसैले प्रभुको परीक्षा लिएका
थिए औ साँपहरूद्वारा मारिए, हामीले त्यसरी परीक्षा लिनु
हुदैंन। १०अनि तिनीहरू मध्ये कतिले गरे जस्तो गन्गन्
पनि नगर अनि तिनीहरू संहारकर्ता स्वर्गदूतद्वारा मारिए।

११तिनीहरूलाई जे जति आइपर्‍यो, ती उदाहरणहरू
हुन। अनि हाम्रै चेतावनीको निम्ति ती लेखिएका थिए।
हामी त्यस्तो समयमा बाँचिरहेकाछौं, ती सबै विगत
इतिहासहरू अन्त भइसकेका छन्। १२यसैले त्यो जो
दहिलोसंग उभिन्छु भनी सोच्छ त्यो होशियारी साथ
उभियोस ताकि उ लड्न नपरोस्। १३हामीमा पनि
अरूमा जस्तै प्रलोभनहरू छ। तर तिमीले परमेश्वरमाथि
भरोशा राख्न सक्छौ। उहाँले तिमीले सहनु सक्ने भन्दा
बढ़ता परीक्षा लिनु दिने छैनन्। जब तिमी प्रलोभित हुन्छौ
परमेश्वरले तिमीलाई त्यो परीक्षाबाट बाँच्नलाई पनि
सहायता गर्नेछन्। तब तिमी त्यो सहन समर्थ हुनेछौ।

१४यसकारण, मेरा प्रिय मित्रहरू हो, मूर्ति-पूजादेखि
टाढ़ा बस। १५तिमीहरू बुद्धिमान छौ भनी म यो कुरा
गर्दैछु; म के भन्दैछु तिमीहरू आफै जाँच। १६आशिषको
कचौरा* जसको लागि हामी परमेश्वरलाई धन्यवाद
चढ़ाउँछौं, त्यसको अर्थ ख्रीष्टको रगतको अंश-ग्रहण
हो। होइन र? अनि रोटी, जुन हामी भाँज्दछौं, ख्रीष्टकै
शरीरको अंश-ग्रहण हो। होइन र? १७त्यहाँ एउटै रोटी
छ। अनि हामी धेरै जना छौं। तर त्यही एउटा रोटीबाट
हामी भाग गर्छौं। यसैले हामी खासमा एउटै शरीर हौं।

१८इस्राएलका मानिसहरूको बारेमा सोच। तिनीहरू
बलि खान्छन् अनि वेदीमा भाग लिन्छन्। खाँदैनन् र?
१९मेरो मतलब यो होइन कि मूर्तिमा चढ़ाइएको मासु
अरू साधारण मासु भन्दा अझ दामी हो। अनि म
सम्झिदिन कि त्यो मूर्ति पनि साघारण मूर्ति भन्दा कुनै
दामी मूर्ति हो। २०तर म यसलाई के भन्छु भने:
मानिसले बलि चढ़ाउछन् त्यो शैतानलाई चढ़ाएको हो,
परमेश्वरलाई होइन। र तिमीहरू शैतानसित कुनै कुराको
भागीदार बन भन्ने म चाहन्न। २१तिमीहरू शैतानको
कचौराबाट र प्रभुको कचौराबाट पनि पिउदै गरेको हुन्।
तिमीहरूले प्रभुको टेबलमा र शैतानको टेबलमा पनि
खादैं गरेको हुनु सक्दैनौ। २२के तिमी प्रभुलाई रिस
उठाउनु चहान्छौ? हामी उहाँ भन्दा बलिया छौ र? छैनौ।

---

**"मानिसहरू … लाई उठे"** प्रस्थान ३२:६।

**अशिषको कचौरा** दाखरसको प्याला जसको निम्ति ख्रीस्तानहरू परमेश्वरलाई धन्यवाद चढ़ाउँदछन् र प्रभुको भोजमा पिउँदछन्।

### आफ्नो स्वतंत्रता परमेश्वरको महिमाको लागि लगाऊ

२३“सबै कुरामा अनुमति छ।” तर सबै कुरा हाम्रो
निम्ति राम्रो छैन्। “सबै कुरामा अनुमति छ।” तर जम्मै
कुराहरूले सबैलाई बलियो बनाउँदैन। २४तिम्रो आफ्नो
मात्र काम गर्ने कोशिश नगर। अरू मानिसको लागि
भलो हुनेकाममा पनि कोशिश गर्नु पर्छ।

२५मासु दोकानमा बेच्न राखिएको कुनै पनि मासु
खाऊ। मासु बारे खानु उचित छ कि छैन भन्ने प्रश्न
नगर। २६तिमीले त्यो खान सक्छौ “किन कि यो धरती
र यसको हर चीज प्रभुकै हो।”*

२७यदि कुनै विश्वास नगर्ने मानिसले तिमीलाई उसित
भोजन गर्न बोलाउला अनि तिमी जान चाहन्छौ भने
तिम्रो अधिल्तिर जे राखिन्छ खाऊ। खानु उचित छ
अथवा छैन भन्ने प्रश्न नगर। २८तर कसैले “त्यो मासु त
मूर्तिमा बलि पो चढ़ाइएको थियो” भनेछ भने त्यो
नखाऊ, जुन मानिसले तिमीलाई भन्यो कि त्यो मासु
मूर्तिमा चढ़ाइएको थियो उसको निम्ति अनि ती मानिसहरूको
निम्ति जसले त्यस्तो मासु खानु अनुचित मान्छन्।
२९तिमीले नै त्यो अनुचित ठानौला भन्ने मलाई लाग्दैन।
तर अरूले त्यो अनुचित हो भनी ठान्न सक्छ। त्यही
एउटा कारणले म त्यो मासु खाँदिन। अर्को मानिसको
सोचाईको आधारमा म मेरो स्वतन्त्रतालाई विचार गर्न
दिंदिन। ३०यदि म कृतज्ञतापूर्वक भोजन खाँदछु, म किन
केही चीजको लागि परमेश्वरलाई धन्यवाद दिंदा
कटुआलोचित हुनु?

३१यस कारण तिमीहरू खाऊ, पिऊ, जे सुकै गर,
तर त्यो परमेश्वरको महिमाको लागि गर। ३२त्यस
प्रकारले कुनै काम नगर जसले अरूको विचारमा चोट
पुऱ्याउनु सक्छ: जस्तै यहूदीहरू, ग्रीकहरू अथवा
परमेश्वरको मण्डली। ३३म त्यसै गर्छु। म हरेकलाई
हरतरहले खुशी पार्न खोज्छु। मैले कहिल्यै पनि आफूलाई
मात्र लाभ गराउने कुनै काम गर्ने कोशिश गरेको छैन।
म धेरैभन्दा धेरै मानिसको भलाई गर्ने कुराहरूको
कोशिश गर्छु जसमा कि मैले तिनीहरूलाई बचाउनु
सकुँ।

**११** मेरो उदाहरण लिने चेष्टा गर जस्तो म ख्रीष्टको
उदाहरण लिन्छु।

### मालिकको अधीनमा हुनु

२म तिमीहरूको प्रशंसा गर्दछु कारण तिमीहरूले सबै
कुरामा मलाई सम्झन्छौ अनि मैले दिएको शिक्षालाई
तिमीहरूले ठीकसँग पालना गर्दछौ। ३म चाहन्छु कि
तिमीहरूले यो पनि जानि राख: प्रत्येक मानिसको शिर
ख्रीष्ट हुनुहुन्छ। अनि स्त्रीको शिर पुरुष हो। र ख्रीष्टको
शिर परमेश्वर हुन्। ४हरेक पुरुष जसले शिरलाई छोपेर
अगमवाणी गर्दछ वा प्रार्थना गर्दछ उसले शिरलाई
अनादर गर्दछ। ५तर हरेक स्त्री जसले प्रार्थना वा
अगमवाणी गर्दछे उसले आफ्नो शिर ढाक्नु पर्छ। यदि
उसको शिर छोपिएन भने उसले आफ्नो शिरलाई
अनादर गरेकी हुन्छ। तब उ शिर खौरेकी स्त्री जस्तै
हुन्छे। ६कुनै स्त्रीले आफ्नो शिर छोप्दिन भने, तब यो
उसले जम्मै केश काटेको जस्तै छ। तर जब कपाल
काट्नु वा शिर खौरनु एउटी स्त्रीको लागि शर्मको कुरा
हुन्छ यसैले उसले आफ्नो शिर छोप्नु पर्छ। ७पुरुषले
आफ्नो शिर ढाक्नु पर्दैन। किन? उ परमेश्वरको प्रतिरूप
हो उ परमेश्वको महिमा हो। तर महिला पुरुषको
महिमा हो। ८पुरुष स्त्रीदेखि आएको होइन, तर स्त्री
पुरुषदेखि आएको हो। ९अनि पुरुष स्त्रीकोलागि बनिएको
होइन तर स्त्री पुरुषको लागि बनिएकी हो। १०र
त्यसैकारणले अधीनताको चिन्ह स्वरूप स्त्रीले आफ्नो
शिर केही चीजले छोपेकी हुनुपर्छ। स्वर्गदूतहरूको कारणले
उसले यसो गर्नु पर्दछ।

११तथापि प्रभुमा स्त्री पुरुषको लागि महत्वपूर्ण छ र
पुरुष स्त्रीको लागि महत्वपूर्ण छ। १२यो साँचो हो कि
स्त्री पुरुष देखि आएकी हो तर पुरुष पनि स्त्रीबाट
जन्मेको हो। वास्तावमा सबै कुरो परमेश्वरबाटै आउँदछ।
१३यो आफै निर्णय गर: के स्त्रीले आफ्नो शिर नढाकी
प्रार्थना गर्नु ठीक होला? १४लामो केश राख्नु पुरुषको
निम्ति शर्मको कुरो हो भन्ने कुरो प्रकृति धरिले
हामीलाई सिकाउँछन्। १५तर लामो केश हुनु स्त्रीको
निम्ति सम्मानको कुरो हुन्छ। स्त्रीलाई आफ्नो शिर
ढाक्नलाई लामो केश दिइएको छ। १६यस विषयमा
कोही व्यक्ति अझै बहस गर्न खोज्छन्। हामी र
परमेश्वरका मण्डलीहरूको त्यस्तो व्यवहार छैन।

### प्रभुको भोज

१७अब यी विषयहरूमा म तिमीहरूलाई भन्छु,
तिमीहरूको प्रशंसा गर्दिनँ। तिमीहरूका सभाले सहायता

---

**“किन कि … प्रभुकै हो”** भजनसंग्रह २४:१; ५०:१२; ८९:११।

भन्दा तिमीहरूलाई खति नै गर्छ। [१८]पहिलो कुरो त, म
सुन्दैछु कि मण्डलीमा जब तिमीहरू भेला हुँदछौ तिमीहरू
बाँड़िन्छौ। अनि केही अंशमा म यस कुरालाई पत्याउँछु।
[१९]तिमीहरूको बीचमा फाटो आउनु आवश्यक छ,
त्यसले तिमीहरू मध्ये को चाँहि वास्तविक विश्वासी हो
बुझाइदिन्छ। [२०]जब तिमीहरू सबै एकत्र हुन्छौ तिमीहरूले
वास्तमा प्रभुको भोज* खाइरहेका हुँदैनौ। [२१]किन?
किनभने जब तिमीहरू खान्छौ एउटाले अर्कालाई नपर्खी
खान्छौ। कतिले अलिकति पनि खानै वा पिउनै नपाई
कति चाँहि टन्न भइसक्छन्। [२२]तिमीहरू आफ्नै घरमा
खान अनि पिउन सक्छौ! यस्तो लाग्छ, तिमीहरू सोंच्छौ
कि परमेश्वरको मण्डली महत्वहीन छ। जो गरीब छ
तिनलाई तिमीहरू शर्ममा पार्दछौ। म के भनूँ? म
तिमीहरूको प्रशंसा गर्दिन।

[२३]तिमीहरूलाई म त्यही शिक्षा दिंदैछु जुन मैले
प्रभुबाट पाएँ: त्यो रात जब येशूलाई शत्रु समक्ष दिइयो,
उहाँले रोटी लिनुभयो। [२४]र त्यसको निम्ति धन्यवाद
दिनुभयो। अनि उहाँले रोटी च्यात्नुभयो र भन्नुभयो, "यो
मेरो शरीर हो, यो तिमीहरूको लागि हो। मलाई
सम्झदा यसो गर।" [२५]उसरी नै उनीहरूले खाएपछि
येशूले दाखरसको कचौरा लिनुभयो। येशूले भन्नुभयो,
"यो दाखरस परमेश्वरबाट आफ्ना मानिसलाई नयाँ करार
हो। यो नयाँ करार मेरो रगतसित शुरू हुँदछ। जहिले
पनि तिमीहरू यो पिउँछौ मेरो सम्झनामा गर्ने गर। यसै
गर्नु। [२६]जब-जब तिमीहरू यो रोटी खाँदछौ र यो
कचौराबाट पिउँदछौ उहाँ नआउञ्जेल प्रभुको मृत्युको
घोषणा गर्नु।

[२७]त्यसैकारण कसै अयोग्य रीतिले रोटी खान्छ वा
कचौराबाट पिउँछ भने, उसले प्रभुको शरीर र रगतको
निम्ति पाप गर्छ। [२८]हरेकले रोटी खान र कचौरा पिउन
अघि आफ्नो हृदय जाँच्नु पर्छ। [२९]यदि कसैले त्यो
प्रभुको शरीर हो भन्ने नचिनी रोटी खायो र कचौराबाट
पियो भने उसको ख्वाई र पियाईले आफैमा न्यायको
लागि विवेचना निम्त्याउछ। [३०]त्यसै कारणले तिमीहरूका
समाजमा धेरै जना रोगी औ कमजोरीहरू छन्। र कति
मरेर गए। [३१]तर हामीले आफैलाई ठीकसित जाँच्यौं
भने परमेश्वरले हामीलाई जाँच्नु हुँदैन। [३२]तर जब
प्रभुले हामीलाई जाँच्नु हुन्छ उहाँले सही मार्ग प्रदर्शनको
लागि हामीलाई अनुशासित गराउनु हुन्छ ताकि यो
संसारका अरू मानिसहरू सरह। तिमीहरूलाई दण्ड
नहोस भनी उहाँले यसो गर्नु हुन्छ।

[३३]यसैले मेरा दाजु-भाइ, दिदी-बाहिनीहरू हो, जब
तिमीहरू खानुको निम्ति भेला हुन्छौ एका-अर्कालाई
पर्ख। [३४]कोही भोकाएको छ भने आफ्नै घरमै खाओस्।
यसै गर जसमा कि तिमीहरूको जमघटले तिमीहरूमाथि
नै परमेश्वरको दण्ड ननिम्त्याओस्। अरू कुराहरू बारे
के कसो गर्नु त्यो म जब आउँछु र भन्नेछु।

## पवित्र आत्माको उपहारहरू

**१२** दाजु-भाइ दिदी-बहिनीहरू, अब म चाहन्छु कि
तिमीहरूले आत्मिक उपहारहरू बारे जान।
[२]तिमीहरूले विश्वासी बन्न अघि आफूले विगत जीवनको
संझना गर। तिमीहरू केही रहस्यमय शक्ति तिर खिचीएर
जीवनहीन मूर्ति पूज्न लागेका थियौ। [३]म तिमीहरूलाई
भन्छु कसैले परमेश्वरको आत्मा विना बोल्ने छैन, "येशू
श्रापित होऊन" अनि कसैले पनि पवित्र आत्माको
सहायता बिना "येशू प्रभु हुन" भन्न सक्दैन।

[४]आत्मिक उपहारहरू थरिथरिका हुन्छन् तर ती सबै
एउटै आत्माबाट हुन्छ। [५]सेवा गर्ने विभिन्न तरिकाहरू
छन्। सबै ती उपायहरू एउटै उही प्रभुबाट हो। [६]अनि
परमेश्वरले मानव जातिमा गर्ने कामका उपायहरू पनि
धेरै छन्, तर यी सबै उपायहरू एउटै परमेश्वरबाट हुन्।
प्रत्येक कुरो गर्न परमेश्वरले हामी सबैमा काम गर्नु
हुन्छ। [७]प्रत्येकमा आत्माको उपहार देख्न सकिन्छ।
आत्माले सबैको भलोको निम्ति उपहार दिन्छ। [८]आत्माले
एक व्यक्तिलाई ज्ञानी कुरा गर्ने उपहार दिन्छ। अनि
त्यही आत्माले अर्कोलाई बुद्धिमानी कुरा गर्ने उपहार
दिन्छ। [९]त्यही आत्माले कसैलाई विश्वास दिलाउँछ।
अनि त्यही एक आत्माले अरू कसैलाई रोग निको पार्ने
उपहार दिन्छ। [१०]त्यही आत्माले एउटालाई चमत्कार
देखाउने शक्ति दिन्छ अनि अर्कालाई अगमवाणी गर्ने
शक्ति, अर्कैलाई शुद्ध र अशुद्ध आत्मा खुट्ट्याउन सक्ने
शक्ति दिन्छ। त्यही आत्माले नै एउटालाई विभिन्न भाषा
बोल्ने वरदान दिन्छ र कोही अर्कालाई ती भाषाहरू
अनुवाद गर्ने वरदान दिन्छ। [११]एउटै आत्मा, अनि त्यही
आत्माले यी सब थोक गर्छ। प्रत्येकलाई के दिनु पर्ने
त्यो आत्माले नै निर्णय गर्छ।

---

**प्रभुको भोज** येशूले आफ्ना शिष्यहरूलाई आफ्नो संझनाको निम्ति खान लाउनुभएको विशेष भोज। हेर्नेस् लूका २२:१४:२०।

### ख्रीष्टको शरीर

[१२]मानिसको शरीर एउटै मात्र हो तर यसका अनेक अंगहरू हुन्छन्। हो, शरीरका धेरै अंगहरू छन्, तर ती सब अंगहरूले एउटै शरीर बनाउँछन्। ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ: [१३]हामीहरूमा कति यहूदीहरू छौं र कति अ-यहूदीहरू छौं। हामीहरूमा कति कमाराहरू छौं र कति मुक्त छौं। तर हामी सबै एउटै शरीर बनिनु बप्तिस्मित भएका छौं। हामी सबैले त्यही एउटै आत्मा पाएका छौं।

[१४]मानिसको शरीर एउटा अंगले मात्र बनिएको हुँदैन तर धेरै अंगहरू हुन्छन्। [१५]खुट्टाले भन्नु सक्ला, "म हात होइन यसकारण म शरीरको होइन।" तर त्यसो भन्दैमा, खुट्टालाई भन्न सक्तैन, यो शरीरको एक अंग होइन। [१६]कानले भन्नु सक्ला, "म आँखा होइन। यसकारण म शरीरको होइन।" तर यसो भन्दैमा कानलाई भन्न सकिंदैन, कान शरीरको होइन। [१७]यदि जम्मै शरीर एउटा आँखो हुँदो हो त शरीरले कसरी सुन्ने थियो। यदि जम्मै शरीर एउटा कान हुँदो हो ता शरीरले कसरी सुन्ने थियो? [१८-१९]यदि शरीरको प्रत्येक अंग एउटै मात्र हुँदो हो त त्यहाँ शरीरै हुने थिएन। तर साँच्चै परमेश्वरले शरीरमा आफूले चाहे जस्तै गरी ती अंगहरूलाई राखिदिनु भयो। उहाँले प्रत्येक अंगलाई आफ्नो ठाँउमा राख्नु भयो। [२०]अहिले यो जुन अवस्थामा छ अंगहरू धेरै छन् तर शरीर एउटै छ।

[२१]आँखाले हातलाई भन्न सक्दैन। "मलाई तिम्रो खाँचो छैन" अनि टाउँकोले खुट्टाहरूलाई "मलाई तिम्रो खाँचो छैन" भन्न सक्दैन। [२२]होइन। शरीरका ती अंगहरू जसलाई हामी दुर्वल सम्झन्छौं वास्तवमा तिनीहरू खुबै महत्वपूर्ण हुन्छन्। [२३]अनि शरीरका तुच्छ ठानिएका ती अंगहरूलाई खुबै बचाइन्छ। अनि शरीरका जुन अंगहरूलाई हामी लुकाउन चाहन्छौ तिनलाई हामी विशेष ध्यान दिंदछौं। [२४]हाम्रा शरीरका अझ सुन्दर अंगहरूलाई धेरै विशेष ध्यान दिइन्छ। तर परमेश्वरले शरीरको यसरी गठन गर्नु भएको छ कि उहाँले ती सम्मान नभएका अंगहरूलाई अझ धेरै सम्मान दिनु भएको छ। [२५]हाम्रो शरीरको भाग भाग नछुट्टियोस् भनी परमेश्वरले यसो गर्नु भएको हो। विभिन्न अंगहरूले आपस्तमा उसरी नै ध्यान दिने गरून्। परमेश्वर त्यही चाहानु हुन्छ। [२६]शरीरको कुनै एक अंगले दु:ख पायो भने सम्पूर्ण शरीरले दु:ख पाउँछ। अथवा यदि हाम्रो शरीरको एउटा अंगले सम्मान पाए अरू जम्मै अंगहरूले पनि समान रूपले सम्मानित बन्ने छन्।

[२७]तिमीहरू जम्मै सामूहिक रूपले ख्रीष्टको एक शरीर हौ। तिमीहरू प्रत्येक शरीरका अंग हौ। [२८]अनि मण्डलीमा, परमेश्वरले प्रेरितहरूलाई पहिलो, अगमवक्ताहरूलाई दोस्रो र शिक्षकहरूलाई तेस्रो स्थान दिनु भएको छ। त्यसपछि परमेश्वरले चमत्कारहरू गर्नेहरूलाई, रोग निको पार्ने वरदान पाएकाहरूलाई, मदद गर्नसक्नेहरूलाई, अगुवाइ गर्न सक्ने क्षमता भएकाहरूलाई अनि विभिन्न थरिका भाषा बोल्ने वरदान पाएकाहरूलाई स्थान दिनु भएको छ। [२९]सबै मानिस प्रेरितहरू होइनन्। सबै अगमवक्ताहरू होइनन्, सबै शिक्षकहरू होइनन्। चमत्कार सबैले गर्न सक्दैनन्। [३०]रोग निको पार्ने वरदान सबैले पाएका छैनन्। सबैले विभिन्न थरिको भाषा बोल्न सक्तैनन्। सबैले ती भाषाहरू उल्थाउँदैनन्। [३१]तर तिमीहरूले आत्माको अझै ठूलो वरदान लिनु चाहेको हुनुपर्छ।

### प्रेम सर्वोत्तम उपहार हो

अनि अब म सबै भन्दा महत्वपूर्ण मार्ग बताउने छु।

**१३** मानिसहरूका र स्वर्गदूतहरूका विभिन्न भाषाहरू म बोल्न सकुँला। तर मसित प्रेम नै छैन भने म खालि एउटा टङटङे घंटी वा झ्याम् झ्यामे झ्याम्टा मात्र हुँ। [२]मसित अगमवाणी गर्न सक्ने वरदान होला। म परमेश्वरको जम्मै रहस्य बुझूँला र हरेक कुरो जानुँला, अनि मसित यति ठूलो विश्वास होला कि म पहाड़हरू पनि हल्लाउन सकूँला। तर यतिको शक्ति ममा आर्जित हुँदा पनि यदि ममा प्रेम नभए म केही हुइँन। [३]मानिसहरूलाई खुवाउन आफूसित भएको सब कुछ दिन सकूँला र आफ्नो शरीर समेत आहुतिको रूपमा जलाउन सकुँला। तर यदि मसित प्रेम छैन भने म केही पाउँदिन।

[४]प्रेम धैर्य हो, प्रेम दया हो, प्रेमले ईर्ष्या गर्दैन यसले घमण्डी गर्दैन। [५]प्रेम रुखो हुँदैन, प्रेम स्वार्थी हुँदैन र प्रेम सजिलै रिसाहा बन्दैन। प्रेमले आफ्नो विरूद्ध गरिएको खराबीको हिसाब राख्दैन। [६]प्रेम खराबमा खुशी हुँदैन तर प्रेम सत्यसित आनन्दित हुन्छ। [७]प्रेमले सबै कुरा धैर्यपूर्वक सहन्छ। प्रेमले सँधै विश्वास गर्छ, सँधै आशा गर्छ र यो दरिलो उभिन्छ।

८प्रेम कहिल्यै सिद्धिंदैन। अगमवाणीहरू टुँगिन्छन्।
भाषाहरू बोल्ने उपहार समाप्त हुन्छ, ज्ञानका उपहार
समाप्त हुन्छ। ९यी कुराहरू सिद्धिन्छन्, किनभने हामीमा
भएको ज्ञान र यी अगमवाणीहरू पूर्ण छैनन्। १०तर
जब धेरै पूर्णता आउँछ तब ती अपूर्णताको अन्त्य हुनेछ।
११जब म बालक थिएँ, म बालक जस्तै बोलें, बालक
जस्तै सोचेँ, बालकले जस्तै योजनाहरू बनाएँ। जब म
एउटा मानिस बनें, मैले ती बालकपनको तरिकाहरू
त्यागिदिएँ। १२हामीसित पनि त्यस्तै हो। अहिले हामी
धमिलो ऐनामा हेरे जस्तै देख्दैछौ। तर त्यस बेला, हामी
सफासित देख्ने थियौ। अहिले म खालि एक अंश मात्र
जान्दछु। तर त्यस बेला म पुरै जान्ने छु जस्तो
परमेश्वरले मलाई जान्दछन्। १३यसैले, यी तीन कुराहरू
रहि रहनेछन्: विश्वास, आशा र प्रेम। अनि यिनमा
सबैभन्दा ठूलो हो प्रेम।

### आत्मिक वरदानहरूलाई मण्डलीको मदतमा लगाऊ

**१४** प्रेम तिमीहरूको लक्ष्य हुनु पर्छ। तिमीहरूले
साँच्चै आत्मिक वरदानहरू पाउने इच्छा राख्नु
पर्छ खास गरी अगमवाणी गर्ने उपहार। २किनभने जो
विभिन्न भाषाहरूमा बोल्छ मानिससँग बोल्दैन, तर उ
परमेश्वरसित बोल्छ। कसैले उसलाई बुझ्दैन। उ आत्माद्वारा
गुप्ती सत्य बोल्छ। ३तर जसले अगमवाणीहरू गर्छ
उसले मानिसहरूसित बोलिरहेको हुन्छ। उसले
मानिसहरूलाई बल, उत्साह र सुख दिन्छ। ४जसले
अन्य भाषामा बोल्छ आफूलाई मात्र मद्दत गरिहेको
हुन्छ। तर जसले अगमवाणीहरू बोल्छ उसले सारा
मण्डलीलाई मद्दत पुर्‍याइरहेको हुन्छ। ५म तिमीहरू
सबैलाई विभिन्न भाषा बोल्ने वरदान मिलोस भन्ने
चाहन्छु। तर अझै, म तिमीहरूले अगमवाणी गर्नु पर्छ
भन्ने चाहन्छु। विभिन्न भाषाहरूमा बोल्न सक्ने भन्दा
जसले अगमवाणी गर्छ ठूलो हो। तर ती भाषाहरूको
उल्था पनि गर्नसक्ने भए त्यो विभिन्न भाषाहरूमा बोल्ने
पनि अगमवाणी गर्ने जत्तिकै हो। त्यसो हो भने उसले
जे भन्छ त्यसबाट मण्डली पनि उपकृत हुन्छ।

६दाजु-भाइ दिदी-बहिनीहरू, यदि म विभिन्न भाषाहरूमा
बोल्दै तिमीहरू कहाँ आएँ भने त्यसले तिमीहरूलाई
केही फायदा हुन्छ? गर्दै गर्दैन। यदि म तिमीहरू कहाँ
कुनै नयाँ सत्य, अथवा केही ज्ञान अथवा केही
अगमवाणी वा केही शिक्षा लिएर आएँ भने मात्र
तिमीहरूलाई फायदा हुन्छ। ७त्यो खाली निर्जीव चीजहरूबाट
निकालेको आवाज जस्तो मात्र हुनेछ, बाँसुरी अथवा
सारङ्गी। यदि संगीतको आवाज स्पष्ट छैन भने के गीत
बजाइदैछ तिमीहरूले बुझ्ने छैनौं। गीत बुझ्नुको लागि
प्रत्येक आवाज स्पष्ट हुनु पर्छ। ८युद्धमा यदि तुरहीले
स्पष्ट स्वर निकालेन भने युद्धको लागि को तयार
हुनेछ? ९तिमीहरूलाई पनि त्यस्तै हो। तिमीहरूको जिब्राबाट
शब्द प्रष्ट हुनुपर्छ। यदि तिमीले प्रष्टसित बोल्न सकेनौ
भने तिमीले के भन्दैछौ कसैले बुझ्न सक्दैन। त्यो खाली
तिमी हावासित बोलेको जस्तो मात्र हुनेछ। १०त्यो साँचो
हो, संसारमा घेरै किसिमका भाषाहरू छन् अनि ती
सबैको अर्थ हुन्छन्। ११यसैकारण, यदि कसैले मलाई
केही भनेको अर्थ मैले बुझिनँ भने म संझन्छु उसले
विदेशी कुरा गर्दैछ र उसले मलाई विदेशी संझन्छ।
१२तिमीहरूलाई पनि त्यस्तै हो। तिमीहरू पनि खुब
आत्मिक वरदानहरूको निम्ति इच्छा गर। यसैकारण जुन
वरदानले मण्डली अझ दरिलो हुन्छ त्यही पाउने इच्छा
गर।

१३यसकारण जसले विभिन्न भाषा बोल्ने वरदान
पाएको छ उसले आफूले बोलेका कुराहरूको अनुवाद
पनि गर्न सक्ने हुने प्रार्थना गरोस्। १४यदि म एउटा
विभिन्न भाषामा प्रार्थना गर्छु भने मेरो आत्माले प्रार्थना
गर्छ तर मेरो मन त्यसमा संलग्न हुँदैन। १५तब मैले के
गर्नु पर्छ? म मेरो आत्माले प्रार्थना गर्नेछु र मेरो मनले
पनि प्रार्थना गर्नेछु। मेरो आत्माले गाउँनेछ र मनले पनि
गाउँनेछ। १६तिमी तिम्रो आत्माले परमेश्वरको प्रशंसा
गरौला तर साधारण मानिसले तिम्रो धन्यवादमा "आमिन"*
भन्न सक्दैन। किन? किनभने तिमीले के भन्दैछौ उसले
बुझ्नु सक्तैन। १७परमेश्वरलाई तिम्रो धन्यवाद असल भए
पनि, तर त्यसले अरू मानिसलाई दरिलो बनिन सहायता
गर्दैन।

१८म परमेश्वरलाई धन्यवाद दिंदछु कारण तिमीहरू
सबैको भन्दा म धेरै विभिन्न भाषाहरू बोल्न सक्षम छु।
१९तर मण्डली अन्य विभिन्न भाषाका हजारौं शब्दहरू
भन्नु भन्दा म जुन भाषा बोल्नु त्यसको पाँचवटा शब्द
बोल्नु रूचाउँछु। बरू म बुझेर बोल्छु जसमा कि म
अरूलाई सिकाउन सकूँ।

२०दाजु-भाइ दिदी-बाहिनी-हरू हो! केटाकेटीहरूले

---

**आमिन** जब कसैले "आमिन" भन्छ त्यसको अर्थ भनिएको
कुरालाई उसले स्वीकार गर्छ।

जस्तो नसोच। नराम्रा कुराहरूमा बालकहरू जस्ता होऊ।
तर आफ्ना विचारमा तिमीहरू परिपक्व मानिस जस्ता
बन। २१व्यवस्थामा लेखिएको छ:

> "विभिन्न भाषा बोल्ने मानिसहरू लिएर अनि
> विदेशीहरूकै ओंठ चलाएर तिनीहरूसित म
> बोल्छु, तथापि तिनीहरूले मलाई सुन्दैनन्।"
>
> *यशैया २८:११-१२*

प्रभु त्यसै भन्नुहुन्छ।
२२यसैकारण विभिन्न भाषामा बोल्ने वरदान विश्वास
नगर्ने मानिसहरूको प्रमाण हो, विश्वास गर्नेहरूको
होइन। अनि अगमवाणी तिनीहरूको निम्ति हो जसले
विश्वास गर्छन्, विश्वास नगर्नेहरूलाई होइन। २३मानिलेऊ,
मण्डलीका सारा सदस्यहरू एक ठाउँमा भेला भएका
छन् अनि तिमीहरू विभिन्न भाषाहरूमा बोल्छौ। यदि
कतिपय मानिसहरू जसले बुझ्दैन अथवा त्यहाँ कतिपय
विश्वास नगर्ने मानिसहरू सभामा आउँछ। ती मानिसहरूले
तिमीहरूलाई बौलाहा भन्ने छैनन्? २४तर मानिलेऊ,
तिमीहरू सबै अगमवाणी बोल्दैछौ अनि कुनै विश्वास
नगर्ने मानिस भित्र पस्छ वा कुनै अबुझ मानिस भित्र
पस्छ। त्यस मानिसलाई उसको पाप देखाइन्छ, अनि
तिमी सबैले बोलेका कुराहरूबाट उ जाँचिन्छ। २५त्यस
मानिसको हृदयका गुप्त कुराहरू प्रकट हुँदछ। तब त्यो
मानिस झुक्नेछ अनि परमेश्वरको आराधना गर्नेछ।
उसले भन्नेछ, "साँच्चै, परमेश्वर तिमीहरूसितै रहेछन्।"

### तिम्रा सभाहरूले मण्डलीको मदत गरोस्

२६यसकारण दाजु-भाइ दिदी-बहिनीहरू हो। तिमीहरूले
के गर्नु पर्छ? जब तिमीहरू भेला हुन्छौ, कसैसित गीत
हुन्छ, अर्कासित शिक्षा हुन्छ, कसैसित परमेश्वरको नयाँ
सत्य हुन्छ, फेरि अर्को एकजनासित विभिन्न भाषा
बोल्ने हुन्छ अनि अर्को चाँहिले त्यो भाषा व्याख्या
गरिदिने हुन्छ। यी सब कुराको उद्धेश्य मण्डलीलाई
दरिलो बनाउनु हो। २७जब तिमीहरू भेला हुँदछौ, यदि
कुनै मानिसले समूहसित अर्कै भाषामा बोल्छ, तब त्यसो
गर्नलाई खालि दुइजना होऊन् अथवा तीनजना भन्दा
वेशीले नबोलुन। तिनीहरू एक पछि अर्को पालैसित
बोलुन। अनि अर्को मानिसले तिमीहरूले बोलेको भाषा
अनुवाद गरिदिनु पर्छ। २८तर यदि त्यहाँ कुनै दोभाषे छैन
भने त्यो विभिन्न भाषा बोल्ने मानिस मण्डलीको सभामा
चुपचाप बसोस्। त्यस मानिसले खालि आफैसित र
परमेश्वरसित मात्र बोल्नु पर्छ।
२९अनि खालि दुइ वा तीनजना अगमवक्ताहरू मात्र
बोल्नुपर्छ। अरूहरूले के भनिन्छ त्यो जाँच्नु पर्छ।
३०अनि बसिरहेको कुनै मानिसलाई परमेश्वरबाट सन्देश
आयो भने बोल्दै गर्ने पहिलो मानिस रोकिनु पर्छ।
३१तिमीहरू सबैले एकपछि अर्काले अगमवाणी दिन
सक्छौ। त्यस प्रकारले सबै मानिसलाई सिकाउनु र
उत्साहित तुल्याउनु सक्छौ। ३२अगमवक्ताहरूको आत्मा
अगमवक्ताहरूकै अधीनमा हुन्छ। ३३किनभने परमेश्वर
गोलमालका परमेश्वर हुनु हुन्न, तर शान्तिका परमेश्वर
हुनु हुन्छ।
३४मण्डलीको सभामा स्त्रीहरू चुपचाप बस्नुपर्छ।
परमेश्वरका मानिसहरूको सबै मण्डलीहरूमा यस्तै हुनुपर्छ।
स्त्रीहरूलाई बोल्ने अनुमति छैन। तिनीहरू अधीनमा
रहनुपर्छ, जस्तो मोशाको नियमले पनि भन्छ। ३५यदि
स्त्रीहरूले कुनै कुरो जान्न चाहे तिनीहरूले आ-आफ्ने
पतिहरूलाई घरमा सोध्नु पर्छ। मण्डलीको सभामा बोल्नु
स्त्रीहरूको निम्ति शर्मको कुरा हो। ३६के परमेश्वरको
शिक्षा तिमीहरूबाट आएको हो? होइन। कि त्यो शिक्षा
पाउने तिमीहरू मात्र हौ? होइनौ।
३७यदि कसैले आफू अगमवक्ता हुँ अथवा आत्मिक
वरदान पाउने हुँ भन्ने सम्झन्छ भने त्यस मानिसले
बुझोस् कि मैले तिमीहरूलाई जे लेख्दैछु त्यो प्रभुको
आज्ञा हो। ३८यदि त्यस मानिसले यो जान्दैन भने उसले
परमेश्वरलाई जान्दैन।
३९यसैकारण मेरा प्रिय दाजु-भाइ दिदी-बहिनीहरू,
तिमीहरूले अगमवाणी गर्ने साँचो चाहना गर। अनि
विभिन्न भाषाहरूमा बोल्नु नछोड़। ४०तर प्रत्येक कुरो
राम्रो र व्यवस्थित ढंगले गरिनु पर्छ।

### ख्रीष्टको बारेमा सुसमाचार

**१५** अब दाजु-भाइ दिदी-बहिनी-हरू, मैले तिमीहरूलाई
जुन सुसमाचार भनें त्यसको संझना गराउन
चाहन्छु। तिमीहरूले त्यो सुसमाचार पायौ, र तिमीहरू
त्यसमा दरिलो बनिएका छौ। २सुसमाचारको कारणले
तिमीहरू बचाइयौ। तर मैले यो प्रचार गरेको तरिकाको
विश्वासमा अड़ीक बस। नत्र तिमीहरूको विश्वास
व्यर्थको विश्वास हो।

३मैले पाएकै समाचार तिमीहरूलाई दिएँ। मैले खुबै महत्वपूर्ण कुरो तिमीहरूलाई दिएँ: कि हाम्रो पापहरूको निम्ति ख्रीष्टको मृत्यु भयो, जस्तो धर्म शास्त्रले भन्छ: ४कि ख्रीष्ट गाडिए अनि तीन दिन पछि बौरिए, जस्तो धर्मशास्त्रले भन्छ; ५अनि पत्रुसकहाँ र पछि बाह्र जना प्रेरितहरू कहाँ एउटै समयमा ख्रीष्ट देखा परे। ६त्यसपछि पाचँ सय भन्दा बड़ता भाइहरूकहाँ ख्रीष्ट एकैचोटि देखा परे। कतिपय दाजुभाइहरू आजसम्म जीवित छन् त कोही मरिसके। ७अनि ख्रीष्ट याकूबकहाँ देखापरे र केही-पछि सबै प्रेरितहरूकहाँ देखा पर्नुभयो। ८सबैभन्दा पछि ख्रीष्ट मकहाँ देखा पर्नु भयो। म स्वभाविक समय भन्दा पहिल्यै जन्मेको बालक जस्तो थिए। ९जम्मै प्रेरितहरू मभन्दा ठूला छन् किनभने मैले परमेश्वरको मण्डलीको खेदो गरें। त्यसैले म चेला कहलाइनु पनि लायकको छैन। १०तर म जे छु, परमेश्वरको अनुग्रहले छु। अनि उहाँले मलाई दिनुभएको अनुग्रह व्यर्थमा गएन। मैले अरू सबै प्रेरितहरूले भन्दा धेरै कठिन काम गरें। वास्तवमा काम गर्ने म होइन तर त्यो मसित भएको परमेश्वरको अनुग्रह हो। ११यसर्थ मैले प्रचार गरेको अरू प्रेरितहरूले तिमीहरूलाई प्रचार गरेको यो कुनै महत्वपूर्ण कुरो होइन। तर हामी त्यही प्रचार गर्दछौं; जुन तिमीहरूले विश्वास गरेकाछौ।

## हामी मृत्युबाट बौराइन्छौं

१२ख्रीष्ट मृत्यबाट बौरी उठे भन्ने प्रचार गरिन्छ। तब तिमीहरूमा कति जनाले किन भन्छन् कि पुनरुत्थान भएको छैन? १३यदि मानिसहरू मृत्यबाट कहिल्यै पुनरुत्थान हुँदैनन् भने, ख्रीष्ट पनि मृत्युबाट बौरेका थिएनन्। १४अनि यदि ख्रीष्ट नबौरिएको भए, हाम्रो प्रचार व्यर्थ छ। अनि तिमीहरूको विश्वास व्यर्थ हुन्छ। १५अनि ख्रीष्टलाई परमेश्वरले बौराई उठाएका थिए भन्ने प्रचारको लागि परमेश्वर समक्ष हामी दोषी बनिने छौं। किनभने यदि मृत्युबाट पुनरुत्थान थिएन भने तब परमेश्वरले येशूलाई कदापि बौराएनन्। १६यदि मानिस मृत्युबाट बौराइनु सकिदैन भने ख्रीष्ट पनि मृत्युबाट बौराइएनन्। १७अनि यदि ख्रीष्ट मृत्युबाट बोरिएका थिएनन भने तिमीहरूको विश्वास व्यर्थै हो; तिमीहरू अझै आफ्नो पापको दोषी छौ। १८अनि ती ख्रीष्टमा मर्नेहरू पनि नष्टै भए। १९यदि ख्रीष्टमा हाम्रो आशा संसारमा यसै जुनिको लागि मात्र हो भने हामी अरू जम्मै मानिसहरू भन्दा ज्यादा दु:खी छौं।

२०तर वास्तवमा ख्रीष्ट मृत्युबाट बौराइनु भएको थियो - मृत्युमा निदाएका ती सबै विश्वासीहरू मध्ये उहाँ प्रथम बौराइएका हुनु हुन्छ। २१एउटा मानिसको कारणले पनि मानिसहरूमा मृत्यु आएको हो। यसर्थ एउटै मानिसको कारणले पनि मृत्युबाट बौराई आयो। २२आदममा जम्मै मानिसहरू मरे त्यसरी नै ख्रीष्टमा हामी सबै फेरि जीवित तुल्याइन्छौं। २३तर हरेक मानिसलाई उचित क्रमले जीवनमा बौराइन्छ। बौरनेहरूमा ख्रीष्ट प्रथम थिएं। त्यसपछि जब ख्रीष्ट आउनु हुन्छ, ख्रीष्टमा हुने सबै मानिसहरूलाई फेरि बौराइने छ। २४अनि तब अन्त आउने छ। ख्रीष्टले जम्मै शासकहरूलाई, अधिकारीहरूलाई र शक्तिलाई नष्ट पार्नेछन्। तब उहाँले पिता परमेश्वरको हातमा राज्य सुम्पने छन्। २५जब सम्म परमेश्वरले जम्मै शत्रुहरूलाई ख्रीष्टको पाउमुनि दवाएर राख्ने छैनन् त्यतिञ्जेल सम्म ख्रीष्टले राजाले झैँ शासन चलाउनु पर्छ। २६नष्ट गरिनु पर्ने शत्रुहरूमा मृत्यु अन्तिम हुनेछ। २७जस्तो धर्मशास्त्रमा भनिन्छ, "परमेश्वरले प्रत्येक थोक उहाँको अधीनमा गर्नुभयो।"* जब धर्मशास्त्रमा भनिन्छ कि प्रत्येक बस्तु उहाँको अधीनमा गराइयो स्पष्ट अर्थ लाग्छ कि परमेश्वरलाई यसमा सम्मिलित गराइएन। उहाँ परमेश्वर नै हुनुहुन्छ जसले सबै थोक अधीनमा राख्नु भयो। २८जब प्रत्येक थोक ख्रीष्टको अधीनमा राखियो परमेश्वरनै एक हुनु हुन्छ जसले सब कुछ ख्रीष्टको अधीनमा राख्नु भयो। ख्रीष्ट तब पुत्र आफै पनि परमेश्वरको अधीनमा राखियो। परमेश्वरको अधीनमा राखिएको छ, तब परमेश्वर सब कुराको पूर्ण शासक हुनु हुन्छ।

२९एक पल्ट मरिसकेका मानिसहरूलाई बौराइँदैन भने मरेकाहरूका निम्ति बप्तिस्मा लिनेहरूले के गर्छन्? यदि मरेकाहरू फेरि बौरँदैनन् भने तिनीहरूको निम्ति बप्तिस्मा किन लिइन्छ?

३०अनि हाम्रो चाँहि के हुन्छ त? हामी आफूले आफैलाई किन प्रत्येक घण्टा आपद्मा पार्दछौं ? ३१म हरेक दिन मर्छु। यो साँचो हो, मेरा भाइहरू हो। यो त्यही प्रकारले साँचो हो जति ख्रीष्ट येशू हाम्रा प्रभुमा तिमीहरू भएकोमा म गर्व गर्दछु। ३२यदि खाली

**"परमेश्वरले … गर्नुभयो"** भजनसंग्रह ८:६।

मानवताको कारणले, मैले एफिससमा जंगली जानवरसित
लड़ाइँ गरें भने मेलै के लाभ पाएँ। यदि मानिसहरूलाई
मृत्युबाट बौराइँदैन भने "खाऊँ, पिऊँ किनकि भोलि
हामी मर्छौं।"*

[३३]भ्रममा नपर: "खराब संगतले असल बानी नष्ट
गर्छ।" [३४]उचित बिचारमा आऊ र पाप गर्न छोड़।
तिमीहरूमा कतिले परमेश्वरलाई जान्दैनौ। तिमीहरूलाई
शर्ममा पार्नु म यसो भन्छु।

### हाम्रो कस्तो किसिमको शरीर हुने छ?

[३५]तर कसैले सोध्न सक्छन् "मरेकाहरू कसरी
बौरन्छन्? तिनीहरूको शरीर कस्तो हुन्छ?" [३६]यी सबै
मूर्ख प्रश्नहरू हुन्। जब तिमी केही रोप्छौ, भने बाँच्न र
बढ़न अघि त्यो बीऊ माटोमा मर्छ। [३७]जब तिमीले केही
रोप्छौ त्यसको त्यही रूप हुदैँन, जस्तो पछि हुन्छ। जब
तिमीले छरेका थियौ त्यो वीऊ मात्र थियो चाहे गहु
होस् अथवा अन्य कुनै। तर परमेश्वरले जे योजना गर्नु
भएको छ त्यसले त्यही शरीर पाँउछ। [३८]परमेश्वरले
प्रत्येक बीऊलाई उसको शरीर दिनुहुन्छ। [३९]सबै शरीरको
मासु एकै हुँदैन: मानिसहरूको मासु एक प्रकारको
हुन्छ, औ पशुहरूको मासु अर्को प्रकारको हुन्छ,
पंछीहरूको भिन्दै हुन्छ, अनि माछाहरूको अर्कै प्रकारको
मासु हुन्छ। [४०]स्वर्गीय शरीरहरू र पार्थिव शरीरहरू
छन्। तर स्वर्गीय शरीरहरूको शोभा एक किसिमको
हुन्छ। पार्थिव शरीरहरूको शोभा भिन्दै किसिमको हुन्छ।
[४१]सूर्यको एक प्रकारको सुन्दरता छ, चन्द्रमाको अर्को
किसिमको सुन्दरता छ र ताराहरूको अर्कै प्रकारको
सुन्दरता छ अनि हरेक तारा आफ्नो सुन्दरतामा भिन्न
छ।

[४२]जीवित तुल्याइएका मृतहरूको पनि त्यस्तै हुन्छ।
"रोपिएको" शरीर कुहुने हुन्छ। तर जब त्यस शरीरलाई
जीवित तुल्याइन्छ त्यो नष्ट हुँदैन। [४३]जब शरीर "रोपिन्छ"
त्यसको आदर हुँदैन तर जब त्यसलाई बौराइन्छ त्यसले
महिमामा पाउँछ। जब शरीर रोपिन्छ, त्यो कमजोर हुन्छ
तर जब बौराइन्छ त्यसको शक्ति हुन्छ। [४४]शरीर जुन
"रोपिन्छ" त्यो भौतिक शरीर हो। जब त्यसलाई बौराइन्छ
त्यो आत्मिक शरीर हुन्छ।

भौतिक शरीर छ र त्यहाँ आत्मिक शरीर पनि छ।
[४५]धर्मशास्त्रमा जस्तो लेखिएको छ: "प्रथम मानिस
एउटा जीवित थोक भयो। तर अन्तिम आदम आत्मा
भयो जसले जीवन दिन्छ।"* [४६]आत्मिक मानिस पहिले
आएन। भौतिक मानिस पहिले आयो। तब त्यसपछि
आत्मिक मानिस आयो। [४७]पहिलो मानिस पृथ्वीको
धूलोबाट आयो। दोस्रो मानिस स्वर्गबाट आयो। [४८]मानिसहरू
पृथ्वीको हुन्। तिनीहरू पृथ्वीको पहिलो मानिस जस्तो
हुन। तर ती मानिस जो स्वर्गका हुन् ती स्वर्गको मानिस
जस्तै हुन्। [४९]जसरी हामीहरू पृथ्वीका मानिस जस्तै
बनाइयौं त्यसैले हामी स्वर्गका त्यो मानिस बनिनुको पनि
बदली गराइन्छौ।

[५०]दाजु-भाइ दिदी-बहिनीहरू हो! म तिमीहरूलाई यो
भन्छु: भौतिक शरीरले परमेश्वरको राज्यमा भाग लिन
पाउँदैन। जुन नखर कुरो त्यो कुनै अनखर कुरोमा
भागलिन सक्तैन। [५१]तर सुन, म यो रहस्य तिमीहरूलाई
भन्छु: हामी सबै मर्ने छैनौ, तर हामी सबै बदलाइन्छौं।
[५२]यसको लागि खालि एक लाग्छ। आँखा झिम्के
जत्तिकै छिटो हामी बद्लन्छौं। जब अन्तिम तुरही बज्छ
तब यो हुनेछ। तुरही बज्नेछ र मरेकाहरू अविनाशी
जीवनमा उठ्ने छन्। अनि हामी पनि सबै बद्ली हुनेछौं।
[५३]यो शरीर जुन नाश हुन्छ, अविनाशी वस्त्र पहिरिनै
पर्छ। अनि यो शरीर जुन मरणशील छ यसले अमरताको
वस्त्र पहिरिनै पर्छ। [५४]यसैले यो शरीर जुन नष्ट हुन्छ
त्यसले अविनाशी पहिरिन्छि र यो शरीर जुन मरणशील
छ त्यसले अमरता पहिरिन्छि। जब यस्तो हुन्छ तब यस
धर्म शास्त्रको भनाई सत्य ठहरिन्छ:

मृत्यु निलियो। विजय भयो।

*यशैया २५:८*

५५ "हे मृत्यु! तेरो विजय कहाँ छ? चिहान! तेरो
विषदन्त शक्ति कहाँ छ?"

*होशे १३:१४*

[५६]मृत्युको बिषदन्त नै पाप हो। अनि पापको शक्ति
नियम हो। [५७]तर हामी परमेश्वरलाई धन्यवाद दिंदछौं।
उनले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय
दिन्छन्।

---

**"खाऊँ … हामी मर्छौं"** यशैया २२:१३; ५६:१२।

**"प्रथम मानिस … जीवन दिन्छ"** उत्पत्ति २:७।

५८यसैकारण मेरा प्रिय दाजु-भाइ दिदी-बहिनीहरू हो, दरिलोसित खडा हौ। कुनै कुराले तिमीहरूलाई आफ्नो स्थानबाट विचलित नपारोस्। सँधै आफूलाई प्रभुको काममा लगाऊ। तिमीहरू जान्दछौ प्रभुमा तिमीहरूको काम कहिल्यै व्यर्थमा जानेछैन।

### अरू विश्वासीहरूको लागि संग्रह

**१६** अब परमेश्वरका मानिसहरूका लागि अर्थ संग्रह बारेमा म लेख्छु। मैले गलातियाका मण्डलीहरूलाई
जसो गर्नु भनेको छु तिमीहरूले पनि उसै गर्नु: २प्रत्येक
साताको पहिलो दिनमा तिमीहरू प्रत्येकले आफूले कमाएकोबाट जति पैसा सक्छौ बचाउनु। तिमीहरूले त्यो पैसा विशेष ठाउँमा राख्नु र त्यहीं रहोस्। यसर्थ जब म
आउँछु पैसा संग्रह गर्ने आवश्यक हुँदैन। ३जब म
आउँला म कसैलाई तिमीहरूको दान यरूशलेम लैजान पठाउँला। ती मानिसहरू तिमीहरू सबैले पठाउनु भने खोजेकै मानिस हुनेछन्। म तिनीहरूलाई परिचय-पत्रहरू
सहित पठाउने छु। ४अनि यदि उचित ठहरिए, तिनीहरू
मसँगै जानेछन्।

### पावलको योजना

५म्यासिडोनिया भएर जाँदा म तिमीहरूकोमा आउने योजना छ। किनभने म्यासिडोनिया भएर मेरो यात्रा गर्ने
इच्छा छ। ६यदि सम्भव हुन सके, केही दिन म
तिमीहरूसित बसुँला। म हिउँद भरि पनि तिमीहरूसित बस्न सक्छु। तब जहाँ-जहाँ म जान्छु तिमीहरूले मेरो
यात्रामा सहायता गर्न सक्छौ। ७तिमीहरूलाई भेट्न म
यात्री जस्तो आउन चहाँदिन। यदि प्रभुको अनुमति भए, म तिमीहरू सँग लामो समय सम्म बस्ने इच्छा छ।
८तर म एफिससमा पेन्तिकोस* सम्म बस्ने छु। ९म
त्यहाँ बस्ने छु किनभने त्यहाँ प्रभावपूर्ण कार्यको एउटा विशाल मौका हात लाग्ने वाला छ। अनि धेरै जना त्यस कार्यको विरोधमा पनि काम गर्दैछन्।
१०तिमोथी तिमीहरूकहाँ आउन सक्लान्। तिमीहरूसित त्यँहा बस्दा उसलाई केही आराम अनुभव होस्। तिनीले पनि मैले गरे जस्तै प्रभुको काममा व्यस्त छन्।
११यसकारण तिमोथीलाई स्वीकार गर्नु तिमीहरू कसैले आनाकानी गर्ने छैनौ। उनलाई शान्तिसित यात्रा गर्न सघाउनु जसमा कि उनी मकहाँ आउन सकुन्। उनी भाइहरूका साथमा आउन् भनी म अपेक्षा गरिरहेछु।
१२अब हाम्रा भाइ अपोल्लोसको बारेमा: मैले उनलाई अरू भाइहरूसित तिमीहरूकहाँ जान उत्साहित पारेको छु। अहिले उनी आउने कुरामा पक्का थिए। तर मौका पाए भने उनी तिमीहरूकहाँ आउनेछन्।

### पावल आफ्नो पत्र टुंग्याउँछन्

१३सावधान बस। विश्वासमा दरिलो बन्दै बस।
साहसी हौऊ र दृढ़ बन। १४हरेक कुरो प्रेमपूर्वक गर।
१५तिमीहरू जान्दछौ स्तिफनस र उनको परिवार
अखैयामा पहिलो विश्वासीहरू थिए। तिनीहरूले आफूलाई परमेश्वरका मानिसहरूको सेवामा अर्पेका छन्। प्रिय दाजु-भाइ दिदी-बहिनीहरू हो! म तिमीहरूसँग उपदेश
दिन्छु कि १६यस्तै मानिसहरूको र उनीहरूसित काम
गर्ने र सेवा गर्ने कुनै पनि अरू मानिसको अगुवाइमा हिंड़।
१७स्तिफनस, फोर्टुनाटस, र अखाइकस आएकामा म
हर्षित छु। तिमीहरू यहाँ छैनौ तर तिनीहरू तिमीहरूका
ठाउँमा छन्। १८तिनीहरूले मेरो आत्मालाई र तिमीहरूको
आत्मा-लाई विश्राम दिएका छन्। यस्ता मानिसहरूको मूल्य तिमीहरूले चिन्नु पर्छ।
१९एशियाका मण्डलीहरूले तिमीहरूलाई शुभेच्छा
पठाउँछन्। अक्वीला र प्रिस्किल्लाले पनि प्रभुमा तिमीहरूलाई शुभेच्छा पठाउँछन्। तिनीहरूका घरमा भेला हुने मण्डलीले पनि तिमीहरूलाई शुभेच्छा पठाउँछन्।
२०यस ठाँउका सबै दाजु-भाईहरू र दिदी-बहिनीहरूले
तिमीहरूलाई शुभेच्छा जनाएका छन्। जब तिमीहरू भेट्छौ एक-अर्कामा पवित्र चुम्बन देऊ।
२१म पावल हुँ र मेरो शुभच्छा म आफ्नै हातले
लेख्दैछु।

२२जसले परमेश्वरलाई प्रेम गर्दैन, उ श्रापित होस्।
आउनु होस्, हे प्रभु!*
२३प्रभु येशूको अनुग्रह तिमीहरूसित रहोस्।
२४ख्रीष्ट येशूमा हुने तिमीहरू सबै प्रति मेरो प्रेम!

---

**पेन्तिकोस** गहुँ काट्ने यहुदी चाढ़। त्यो सँधै पासओभर चाढ़को ५० दिन पछि हुनेगर्थ्यो।

**आउनुहोस्, हे प्रभु** अरामेइक भाषाको "मारानाथा" को अनुवाद।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html